शृङ्खलाः चेलापन
पहिलो पुस्तक - Nepali

# ख्रीष्टियन विश्वासमा प्रथम कदमहरू



चेला बनाउने व्यक्ति






त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन।
**भजन 1:3**

# भूमिका र उद्देश्य

यस चेलापन सामग्रीको सोच र उद्देश्य यस्तो छ, 1) सकेसम्म राम्रो होस्, 2) सबैले प्राप्त गर्न सक्ने होस्, ३) कुनै पनि भाषा र संस्कृतिमा मिल्दोजुल्दो होस्, 4) पवित्रशास्त्र बाइबलमा आधारित होस्, 5) बाइबल अध्ययनको आगमनात्मक(Inductive) विधि लागू होस्, 6) सस्तो वा नि:शुल्क होस्, अनि 7) यो प्रयोगको गर्न कुनै बन्देज नहोस्। यस सामग्रीको कुनै प्रतिलिपि सर्वाधिकार छैन, र सित्तैंमा दिइएको कुराको कसैले पनि व्यापार गर्न सक्दैन। हामी तपाईंलाई यस सामग्रीका लागि जेरक्स/छपाईको खर्चबाहेक अरू कुनै दाम नलिन अनुरोध गर्दछौं।

यो सामग्री एक-एक जना गर्दै चेला बनाउनका लागि वा सानो समूका लागि हो। यो सामग्री PDF मा आउने भएकोले स्मार्टफोनद्वारा पनि यो काम गर्न सकिन्छ। यसलाई अरू ढाँचामा राख्न सकिन्छ र कुनै पनि प्रतिलिपिहरू बनाउनु आवश्यक पर्दैन। तापनि यो छाप्न पनि सकिन्छ। यसमा "चेला" को पुस्तिका र "चेला बनाउने" व्यक्तिको पुस्तिका (सबै उत्तरहरूसहित) छ।

यो सामग्री दक्षिण एसियाको वेस्लीपन्थी चर्चका लागि तयार गरिएको थियो, जसको अर्थ हो, यसमा हाम्रो इतिहास र सिद्धान्तका सारहरू छन्, जुन चेलापनको महत्त्वपूर्ण भाग हो। तपाईंसँग आफ्नो चर्चका लागि, आफ्नो इतिहास र सिद्धान्तका सारहरू सहित यसलाई आफ्नै बनाउने स्वतन्त्रता छ। वा तपाईं त्यो पुस्तिका प्रयोग नगर्ने निर्णय पनि गर्न सक्नुहुन्छ। जो कसैले पनि यस सामग्रीमा केही पनि परिवर्तन गर्न सक्छन्। चर्चको नाउँ साथै लोगो पनि परिवर्तन गर्न सकिन्छ। तपाईं यो सामग्रीलाई आधारको रूपमा प्रयोग गर्न र यसलाई परिवर्तन गर्न सक्नुहुन्छ। चर्चको आधारमा अन्तिम दुई पुस्तिकाहरू पूर्ण रूपमा भिन्न देखिन सक्छन्।

यदि यो सामग्री अर्को भाषामा अनुवाद गरिएको छ भने हामी यसलाई हाम्रो डाटाबेसमा राख्न चाहन्छौं, ताकि अरूले पनि यो प्राप्त गर्न सकून्। येशूका लागि संसारमा पुग्न धेरै काम गर्न बाँकी छ। आउनुहोस् हामी सँगै मिलेर काम गरौं। हाम्रो सम्पर्क व्यक्ति सोराया हुन्, जो दक्षिण एसियामा बस्छिन्- wesleyanchurchlk@gmail.com


दयागरी, यो सामग्रीलाई आफ्नो आवश्यकताअनुसार मिल्दो बनाउनुहोस् र अनुवाद गर्नुहोस्। हामी तपाईंलाई तलको खण्ड राख्न आग्रह गर्दछौं, जसले यसको सुरुआतको बारेमा कुरा गर्दछ। साथै सामग्रीको मूल्याङ्कन गर्न र यो कसरी प्रयोग भइरहेको छ भनेर हामीलाई जानकारी दिन पछाडि दिइएको QR कोड वा लिङ्क प्रयोग गर्नुहोस्। यसको उद्देश्य केवल सामग्रीको बारेमा प्रतिक्रिया प्राप्त गर्नु र हामीले छुटेका कुनै पनि त्रुटिहरू समाधान गर्न सहायता गर्नु हो। हामी सामग्री सुधार गर्ने लक्ष्य राख्छौं। र सामग्री कसले प्रयोग गरिरहेको छ र कहाँ प्रयोग भइरहेको छ भनेर जान्नु राम्रो हुनेछ।

यो सामग्री मूल रूपमा दक्षिण एसियाको वेस्लीपन्थी चर्चले ब्राजिलको इग्रेजा इभान्जेलिका वेस्लेयानासँग मिलेर तयार गरेको थियो। यस प्रक्रियामा धेरै मानिसहरू सामेल थिए, तर योजनाको मूल दर्शन ग्वेन्डोलिन (एन्स्ज) हेकको थियो र त्यसपछि उनी लेखक र आखिरमा सम्पादक बनिन्। उनी ब्राजिलकी एक MK हुन्। यस सामग्रीको प्रयोगमा कुनै प्रतिलिपि सर्वाधिकार वा प्रतिबन्धहरू छैनन्। यस परियोजनाको लागि सबै महिमा परमेश्वरलाई दिइएको छ। जानुहोस्, सबै जाति-जातिहरूलाई चेला बनाउनुहोस्! तपाईंलाई आशिष् मिलोस्।

विषयसूची

# पहिलो पुस्तक- ख्रीष्टियन विश्वासमा प्रथम कदमहरू


| | | पृष्ठ |
|---|---|---|
| | एउटा कथा – परिचय, हाम्रो कथाको | 4 |
| 1. | परमेश्वरलाई चिन्नु/जान्नु | 10 |
| 2. | बाइबलको परिचय | 21 |
| 3. | परमेश्वरको उद्देश्य – हाम्रो मुक्ति | 33 |
| 4. | छलफलः मूर्तिहरू किन हुँदैन? | 44 |
| 5. | प्रार्थना कसरी गर्ने | 56 |
| 6. | चेलापनको परिचय | 63 |
| 7. | परीक्षा | 70 |

**जाओ, र चेलाहरू बनाओ।**

# एउटा कथा – परिचय, हाम्रो कथाको

<u>अभिवादन!</u> हाम्रो चर्च र यस चेलापन अनुभवमा तपाईंलाई स्वागत छ! यो सामग्री सत्य खोज्नेहरूका लागि तयार गरिएको हो। येशू भन्नुहुन्छ, "बाटो, सत्य र जीवन म नै हुँ।" हामी त्यही विश्वास गर्छौं, त्यसैले हामी येशूलाई तपाईंलाई सत्यको बाटो, परमेश्वरको बाटो र अनन्त जीवनको बाटो, स्वर्गको बाटो देखाउन अनुमति दिनेछौं।
तर सबै सत्य खोज्नेहरू प्रश्नहरू लिएर आउँछन्।


त्यसैले, यो येशू को हुनुहुन्छ र उहाँ कसरी सम्पूर्ण मानव जातिका मुक्तिदाता हुनुहुन्छ?

ख्रीष्टिययनहरूका परमेश्वर को हुन्?

म कसरी थप जानकारी पाउन सक्छु? *यी अध्ययनहरू त्यसैका लागि हुन्, तपाईं सही ठाउँमा आउनुभएको छ।*

कोही कसरी ख्रीष्टियन बन्छ? *यो सायद भविष्यका लागि प्रश्न हो, तर हामी यहाँबाट सुरु गर्नेछौं।*

हामी सामरी एउटी स्त्रीसँग येशूको कथा प्रयोग गर्नेछौं। यो मेरो पनि कथा हो, र यो खोजी गर्ने हरेक व्यक्तिको कथा हो। के यो तपाईंको कथा हो? यस कथाको बारेमा अचम्मलाग्दो कुरा के हो भने हामीले थाहा पायौं, कि हामीले प्रभु येशूले खोजेका भन्दा बढी उहाँले हामीलाई खोजिरहनुभएको छ... त्यो कथा हो (यूहन्नाको सुसमाचार अध्याय 4, पद 7-30 र 39-43):



*एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले उसलाई भन्नुभयो, "मलाई पानी पिउन देऊ।" उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ?" (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।)(पद 7-9)*

हाम्रो संसारमा हामी पूर्वाग्रहहरूले, विभाजनले घेरिएका छौं। हामी द्वन्द्वमा परेका समूहहरूद्वारा घेरिएका छौं, हाम्रो आफ्नै परिवारमा पनि यस्तै छ। हामीले यो सत्य थाहा पायौं कि येशू (प्रभु) ले यो शत्रुता, यी सांस्कृतिक गुटहरू र मतभेदलाई ध्यान दिनुहुन्न। हामी यो थाहा पाएर छक्क पर्छौं कि येशूले जो कसैलाई पनि खोज्दै र स्वीकार गर्दैहुनुहुन्छ,चाहे तिनीहरूको जात वा तिनीहरूको विगत जस्तोसुकै किन नहोस्, तिनीहरू पुरुष हुन् वा महिला सबैलाई खोज्दैहुनुहुन्छ। उहाँले सबैलाई प्रेम गर्नुहुन्छ।

ती स्त्री छक्क परिन् र त्यसै भनिन्।



*येशूले उसलाई भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्ने थियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।" त्यस स्त्रीले उहाँलाई भनी, "हजुर, तपाईंसित पानी उघाउने भाँडो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ? के तपाईं हाम्रा पुर्खा याकूबभन्दा महान् हुनुहुन्छ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पनि पिए।"*

हाम्रो संसारमा, हामी आफ्ना सीमितताहरूको यति बानी परेको छ कि हामी अरू कुनै बाटो देख्दैनौं, ढोका खुल्ने, वा हाम्रो परिस्थिति बदलिने आशा गर्दैनौं। ती स्त्रीले कुरा बुझिनन्, सत्य बुझिनन्। सायद यो घमण्ड थियो। *"के तपाईं हाम्रो पुर्खाभन्दा महान् हुनुहुन्छ...?"* सामरी स्त्री अनन्त, प्रशस्तको जीवन दिन सक्ने केही, कुनै व्यक्ति छ भन्ने सुनेर छक्क परी। तर धेरै वर्षको खोजी गरेपछि असफल हुँदा हाम्रो हृदय र मनलाई भएजस्तै उसको शंका र आशाको कुनै सम्भावना देख्न नसक्ने उनको असमर्थताले उसको हृदय र मनलाई तुरुन्तै भरिदियो।

*येशूले उसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक व्यक्ति फेरि तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिन्छु त्यो त्यसमा अनन्त जीवनका लागि उम्रिरहने पानीको मूल बन्नेछ।" त्यस स्त्रीले उहाँलाई भनी, "हजुर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन।"*


येशूले उसलाई सत्य भन्नुभयो, (मलाई लाग्छ धेरै दयासाथ)। "म तिम्रो परिस्थिति बदल्न सक्छु, म तिमीलाई यस्तो जीवन दिन सक्छु जुन कहिल्यै ओइलाउनेछैन, जुन सधैंभरि रहनेछ।" अनि यहाँ अर्को आश्चर्यजनक कुरा छ, येशूले दिनुहुने जीवनको त्यो "पानी" हामीभित्र हुनेछ, उम्रनेछ र भरिएर पोखिनेछ। हामी सामरियाकी स्त्रीमा आशाको झिनो किरण देख्छौं! "मलाई त्यही पानी दिनुहोस्!" उसले त्यस प्रकारको जीवन साँच्चै छ भनेर आशा गर्न थाल्छिन्। अनि जब हामी येशूले भन्नुभएको कुरा सुन्छौं, सत्य हाम्रो कानमा पर्छ र हाम्रो हृदयभित्र पस्छ, र हामी पनि आशा गर्छौं।

*येशूले उसलाई भन्नुभयो, "जाऊ, तिम्रा पतिलाई बोलाएर ल्याऊ।" ती महिलाले जवाफ दिइन्, "मेरो पति छैन।" येशूले उसलाई भन्नुभयो, "'मेरो पति छैन' भनी तिमीले ठीकै भन्यौ, किनभने तिम्रा पाँच जना पति भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो पति होइन। तिमीले यो साँचो भनेकी हौ।"*

अहो! यो व्यक्ति जसले मलाई यति धेरै कुरा दिएको छ, उहाँले सत्य जान्दछन्!" त्यस स्त्रीका विचारहरू हुन भएका सक्छन्। हो, उहाँलाई सत्य जान्नुहुन्छ, हाम्रो बारेमा सम्पूर्ण सत्य जान्नुहुन्छ। म एक पापी हुँ। मैले मेरो जीवन नष्ट पारेको छु। म दोषी र तोडिएको छु, मर्मत गर्न नसकिने भएको छु। साँचो परमेश्वरले सबै कुरा जान्नुहुन्छ, त्यो कुरा उसका लागि कति अचम्मलाग्दो थियो, र यो तपाईं र मेरो लागि पनि अचम्मलाग्दो छ। यदि परमेश्वरले हाम्रा सबै गल्तीहरू, हाम्रा सबै पापहरू जान्नुहुन्छ भने त कुनै आशा छैन। हामी यस्तै सोच्छौं।

*ती स्त्रीले उहाँलाई भनिन्, "हजुर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु। हाम्रा पुर्खाहरूले यस डाँडामा आराधना गरे, अनि तपाईं भन्नुहुन्छ कि आराधना गर्ने स्थान यरूशलेम हो।" येशूले उसलाई भन्नुभयो, "ए नारी, मलाई विश्वास गर, त्यो बेला आउँदैछ,*

*जब तिमीहरूले न त यस डाँडामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ। तिमीहरू जे आराधना गर्दैछौ सो जान्दैनौ। हामी जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिं यहूदीहरूबाट आउँछ।"*



सामरी स्त्रीले आफ्नो र येशूको बीचमा पर्खाल बनाउन थाल्छे। आफ्नो जीवनको पीडा लुकाउन उसले विषय परिवर्तन गर्छे। उसले उनीहरूको धार्मिक भिन्नतालाई औंल्याउँछिन्, "तपाईंहरू भिन्न ठाउँमा, भिन्नै तरिकाले आराधना गर्नुहुन्छ।" यो एसियामा महसुस गरिने र भनिने सामान्य कुरा हो। तर येशूले एक कठोर सत्य प्रकट गर्नुहुन्छ जुन हामीले कहिलेकहीं सुन्नुपर्छ, "तिमीहरू जे जान्दैनौ त्यसको आराधना गर्छौ।" के हामी कसको आराधना गर्छौं भन्ने कुरा साँच्चै जान्दछौं? के त्यो जान्नु साँच्चै राम्रो कुरा हुनेछैन र? येशू भन्नुहुन्छ, कि मुक्ति यहूदीहरूबाट आउँछ। उहाँले एक मात्र साँचो परमेश्वर उहाँहरूको हो,अर्थात् यहूदी हो भन्नुहुन्न, किनकि उहाँ सबै जातिका, सबै मानिसहरूका परमेश्वर हुनुहुन्छ। सत्य त्यही नै हो, यो धेरै जनाका लागि एउटा नयाँ विचार पनि हो। तर यहूदीहरूले साँचो परमेश्वरको आराधना गर्छन्, किनकि परमेश्वरले यस सानो जातिद्वारा आफूलाई प्रकट गर्नुभएको थियो।

*तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब साँचो आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।*

येशूले उसलाई फेरि अचम्मित पार्नुहुन्छ, सामरी स्त्रीले बनाएकी पर्खाल उहाँ आफैले भत्काउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "यी कुराहरूले कुनै अर्थ छैन, सत्य यो हो कि जो कसैले, जहींबाट पनि परमेश्वरको आराधना गर्न सक्छ!" साँच्चै हो? यो कसरी हुन सक्छ? किनकि "परमेश्वर आत्मा हुनुहुन्छ र उहाँका आराधना गर्नेहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।" अनि येशूले यहाँ फेरि दोहोऱ्याएर भन्नुहुन्छ, कि परमेश्वर आफैले सबै

मानिसहरूलाई खोजिरहनुभएको छ, किनकि तिनीहरू महत्त्वपूर्ण छन्। त्यहाँ कुनै धार्मिक पर्खालहरू छैनन्, कुनै पूर्वाग्रह छैन, कुनै बाधाहरू छैनन्... पाप र असफलताको बाधा पनि छैन।

*ती स्त्रीले उहाँलाई भनिन्, "म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ।" येशूले उसलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ।"*

सामरी स्त्रीले आफ्नो एक मात्र आशा, आफ्नो अन्तिम मौकालाई समात्दै भन्छिन्, "हामीले जीवनभर एक मसीहको प्रतीक्षा गरेका छौं, जसले सबै जातिलाई मुक्ति दिइनेछ। उहाँले सबै कुरा जान्नुहुन्छ, त्यसमा हामी कसरी हाम्रा आफ्नै पाप र सर्मबाट मुक्त हुन सक्छौं भन्ने कुरा पनि सामेल छ। मसीहले हामी कसरी परमेश्वरको अनुग्रह र प्रेममा पुग्न सक्छौं भनेर जान्नेछन्। के तपाईं त्यही मसीह त हुनुहुन्न?"

अनि येशूले भन्नुभयो, "हो, म उही हुँ। म आएको छु।" सामरी स्त्रीले येशूलाई भेटी, उसले सत्यलाई भेटी, उसले बाटो भेटी, र अनन्त जीवन पाई। त्यो नै ख्रीष्टियन बन्ने तरिका हो। अरू धर्महरूमा तपाईं धर्ममा जन्मनुहुन्छ, यो संस्कृतिको एक भाग हो, र कसैले रीतिविधिहरू पालना गर्छन्।

ख्रीष्टियन विश्वासमा पनि, तपाईं ख्रीष्टियन धर्ममा, परमेश्वरको परिवारमा जन्मनुपर्छ। यो तपाईं पहिले नै जन्मिसकेपछि मात्र हुन सक्छ। येशूले यूहन्ना अध्याय 3 अध्यायमा भन्नुहुन्छ, "तिमी नयाँ गरी जन्मनै पर्छ।" तर यी महिमित शब्दहरू हुन् किनकि ती शब्दहरूको अर्थ प्रभुले हामीलाई नयाँ सुरुवात दिनुहुन्छ भन्ने हो! उहाँले हाम्रो जीवनलाई अझ ठूलो, अझ राम्रो कुराका लागि परिवर्तन गर्नुहुन्छ।

हामी येशूलाई भेट्दा यस्तो हुन्छ। के तपाईंले उहाँलाई भेट्नुभएको छ? कसै-कसैले दर्शन वा सपनामा येशूलाई देख्छन्। अरूले, खोज्दाखोज्दा, बाइबलमा सत्य भेट्टाउँछन्। अरूले अरू व्यक्तिहरूमा विजयी जीवन देख्छन् र उनीहरूको जीवन गवाहीमा आशा पाएर येशूलाई पुकार्छन्, जो बाटो हुनुहुन्छ। येशू नै सत्य हुनुहुन्छ जसले हामी सबैलाई स्वतन्त्र बनाउँछ।

मेरो मित्र, तपाईंलाई कुन कुराले यहाँ ल्याएको छ? तपाईं यहाँ आउनु एउटा संयोग हो जस्तो मलाई लाग्दैन। तपाईंका सबै प्रश्नहरूको उत्तर मिलोस्, तपाईंका शंकाहरू निश्चयतामा बदलियोस्, र तपाईंको खोजीले तपाईंलाई घर, अर्थात् येशूकहाँ डोऱ्याओस्। यो चेलापन सामग्री त्यही यात्राको एक भाग हो।

स्वर्गमा लगिनुअघि येशूका अन्तिम शब्दहरू थिए, "जाओ र सबै जातिलाई चेला बनाओ"(मत्ती 28:19)। चेलापन भनेको हामी कसरी बढ्छौं, हामी येशू नामक यो बाटोलाई पछ्याउँछौं भन्ने कुरा हो। चेलापन भनेको विश्वास गर्ने सबैलाई एक बनाउने परमेश्वरको तरिका हो। यो ती मानिसहरूसम्म पुग्नका लागि परमेश्वरको योजना हो जसले अझै सुनेका छैनन्, हराएका छन्, जसले हरेक जातिमा खोजिरहेका छन्।

[चेला बनाउने व्यक्तिःयस बेला तपाईंले आफ्नै कथा भन्नु राम्रो समय हुनेछ।]

पाठ 1

# परमेश्वरलाई चिन्नु

**बाइबल पाठः** प्रेरित 17:22-34

**मुख्य पदः** प्रेरित 17:23ख

*"यसैले जसलाई तपाईंहरू नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु।"*

## परिचय




*[चेला बनाउने व्यक्तिः यो पाठ सुरु गर्न अघि केही क्षण ठूलो सोरमा प्रार्थना गर्नुहोस्, जुन बेला तपाईंहरू एकसाथ परमेश्वरको वचन अध्ययनमा समय बिताउनुहुनेछ र उहाँको सत्यताबारे थप कुराहरू सिक्नुहुनेछ]*

संसारको प्रायः प्रत्येक संस्कृतिमा, मानिसहरूले सबै कुरा सृष्टि गर्ने ईश्वरमा विश्वास गर्छन्। सामान्यतया, यो ईश्वर धेरै टाढा र अज्ञात छन् किनकि सबै थोकहरू बनाउनुहुनेको रूपमा, ती कल्पनै गर्न नसकिने शक्तिशाली छन्; त्यस्ता ईश्वर र मानिस बीचको दूरी तुलना नै गर्न नसकिने ठूलो देखिन्छ। जब सुरुसुरुको चर्च भर्खरै बढ्न थालेको थियो, तिनीहरू वरपरका संस्कृतिहरू तिनीहरूको विश्वासमा भिन्न थिएनन्। वास्तवमा, महान् ग्रीक दार्शनिकहरूमध्ये एक, प्लेटोले भनेका छन्, "यस सम्पूर्ण ब्रह्माण्डका पिता र निर्माता हाम्रो खोजभन्दा अझ पर हुनुहुन्छ।"

आजको हाम्रो पाठमा, हामी सृष्टिकर्ता परमेश्वरको चुनिएको सेवक प्रेरित पावलको काम र त्यही विश्वास भएको समाजलाई तिनले भनेका कुराहरूको बारेमा सिक्नेछौं। प्रेरित भन्नुको अर्थ तिनी चर्चका एक अगुवा थिए, जसले येशूलाई व्यक्तिगत रूपमा भेटेका थिए र उहाँको सेवा गर्न उहाँद्वारा नियुक्त भएका थिए। जाति-जातिलाई परमेश्वरको सत्यको

घोषणा गर्ने काम दिइएको हुनाले, पावलले टाढा-टाढाको यात्रा गरे, यति धेरै कि तिनी मध्य पूर्वदेखि युरोपसम्म पुगे - आजको कथा त्यसै विषयमा छ।

<u>वचनको अध्ययन गर्नु</u>



***भाग 1- सत्यको खोजी गर्नु- को बोलिरहेका छन्?***

**क. पावल को हुन्?**

पहिलो पटक ग्रीसको एथेन्स सहर घुम्दा पावलले त्यहाँ धेरै मन्दिर र मूर्तिहरू देखे। बाइबलले भन्छ, "तिनको आत्मा तिनीभित्र व्याकुल भयो।" यसबाट पावलको मनमा "बोझ आयो" - तिनको हृदय गह्रौं भयो, ती मानिसहरूका लागि दुःखित थियो जसले तिनीहरूलाई सहायता गर्न नसक्ने देवताहरूमा भरोसा राखेका थिए। त्यसैले, तिनले ती मानिसहरूलाई एक मात्र साँचो परमेश्वर, सबै सृष्टिका परमेश्वर, तिनीहरूका अज्ञात परमेश्वरको बारेमा बताउन खोजे। एथेन्सका धार्मिक अगुवाहरूको परिषद्, अरियोपागसमा तिनले प्रचार गरेको तिनको उपदेश, आज हामी हेर्नेछौं। यो प्रेरित 17:22-34 मा पाउन सकिन्छ।


[चेला बनाउने व्यक्तिः यदि तपाईंलाई आवश्यक लाग्छ भने, यो खण्ड कसरी भेट्टाउने र त्यसमा कसरी पुग्ने भनी बताउन सक्नुहुन्छ। चेलालाई आफै प्रश्नहरूको उत्तर खोज्न प्रोत्साहित गर्ने कोसिस गर्नुहोस्। तिनीहरूलाई सहायता चाहिन्छ जस्तो लाग्छ भने तिनीहरूलाई निर्देशन दिन संकोच नमान्नुहोस्, तर तिनीहरूलाई आफैले यो कोसिसस गर्ने मौका पनि दिनुहोस्।]

तर त्यहाँ भनिएको सन्देशको गहिराइमा जानुभन्दा पहिले, वक्ता को हो? पावल को हुन्?

पावल एक यहूदी, परमेश्वरका चुनिएका मानिसहरूमध्ये एक थिए। परमप्रभुले इस्राएलीहरूलाई आफ्नो जनको रूपमा संसार र यसका जाति-जातिमा आफैलाई प्रकट गर्न सहायता गर्न रोज्नुभयो। पुरानो करारले यो कथा बताउँछ। पावल, एक यहूदी भएकाले

इस्राएलको सम्पूर्ण इतिहास र सृष्टिका परमेश्वरले तिनीहरूसँग कसरी काम गर्नुभएको थियो भन्ने कुरासँग परिचित थिए।

ग्रीकहरू र तिनीहरू वरपरका अरू जातिहरूसँग बाइबल थिएन, न त तिनीहरूलाई सृष्टिका परमेश्वर, साँचो परमेश्वरको बारेमा ज्ञान थियो। हामीले भनेझैं, धेरैजसो संस्कृतिहरूले संसार सृष्टि गर्ने, हामीलाई बनाउनुहुने, सबै कुराको सुरुवात गर्ने परमेश्वर हुनुहुन्छ भनी स्वीकार गर्छन् - तर प्रायः उहाँ सबैभन्दा कम चिनिन्हुन्छ। यो एथेन्समा त्यस्तै थियो। पावलले "अज्ञात देवता" को एउटा वेदी भेट्टाए, रअनि तिनले सृष्टिको यस परमेश्वरलाई चिन्थे,त्यसैले तिनले यसलाई परमेश्वरले आफ्ना मानिसहरूलाई सिकाउनुभएको कुरा घोषणा गर्ने मौकाको रूपमा प्रयोग गरे।




[चेला बनाउने व्यक्ति: यदि तपाईंहरूले पहिले नै एकसाथ मिलेर यो खण्ड पढ्नुभएको छैन भने, अहिले नै पढ्नुहोस्।]

## ***भाग 2- सत्यको खोजी गर्नु- परमेश्वर के चाहनुहुन्न?***

### **क. मन्दिरहरू - प्रेरित 17:22-25**

प्रेरित 17:24-25 मा सृष्टिका परमेश्वरले हामीलाई आफ्नो बारेमा के प्रकट गर्नुहुन्छ?

*[चेला बनाउने व्यक्ति: उनीहरूले हेर्नुपर्ने पदहरू देखाउन सहायता गर्नुहोस्, र उनीहरूलाई त्यो पदबाट जवाफ दिन दिनुहोस्। उत्तर विभिन्न प्रकारका हुन सक्छन्, जस्तै- "परमेश्वर मानिसले बनाएको मन्दिरमा बस्नुहुन्न, मानिसको हातद्वारा उहाँको सेवा गरिंदैन, उहाँलाई केही पनि चाहिंदैन, जीवन, सास र सबै कुराका सृष्टिकर्ता हुनुहुन्छ।" उनीहरूले सबै उत्तर दिनुपर्दैन तर उनीहरूलाई सकेसम्म निश्चित र विस्तृत जवाफ दिन प्रोत्साहित गर्नुहोस्। यदि तपाईंले तिनीहरूका उत्तरमा केही थप्न पर्छ जस्तो लाग्यो भने उत्तर समाप्त गर्नुहोस्।]*

के यो धेरैजसो देवताहरू भन्दा फरक छ? कुन प्रकारले? [*प्रायः देवताहरूको पूजामा बलि चढाउने गरिन्छ (प्रायः खाना, वा कुनै प्रकारको आहार, वा कुनै प्रकारको विशेष सेवाको बलि), वा समर्पण मन्दिरहरू कति भव्य वा सिंगारिएका छन् भन्ने कुराद्वारा नापिन्छ। देवताहरू मन्दिरहरूमा बस्छन्, र त्यो मन्दिर र त्यहाँ गरिने पूजाआजसँग बाँधिएका हुन्छन्। चेला बनाउने व्यक्ति,शिष्य, यदि तपाईं वा तपाईंको चेलासँग ख्रीष्टियन धर्म र अर्को धर्म बीचको आराधना/पूजामा भिन्नताहरूसँग सम्बन्धित व्यक्तिगत कुरा छ भने, यस बेला त्यसमाथि छलफल गर्नु राम्रो हुनेछ; तापनि यसमा धेरै समय खर्च नगर्नुहोस्।*]




सृष्टिकर्ता परमेश्वरको वचन यस प्रकारको सोचविचार भन्दा विपरीत छ। पावलको सन्देशमा, यस प्रकारको आराधनाको अर्थात्, मानिसहरूले देवताहरूलाई पालनपोषण गर्ने र जीवन दिने भन्ने धारणा तर्कहीन हो भनिएको छ। आखिर, यदि सृष्टिकर्ता परमेश्वरले सबै थोक बनाउनुभएको हो भने, उहाँले नै बनाउनुभएको संसारबाट हामीले उहाँका निम्कि केही ल्याउन किन आवश्यक पर्थ्यो र? तिनी 25 पदमा भन्छन्, कि परमेश्वर "उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा उहाँलाई चाहिंदैन।" सृष्टिकर्ता परमेश्वर हामीमाथि निर्भर हुनुहुन्न। उहाँ किन हुनुपर्छ र?

त्यसोभए, यदि हामी परमेश्वरको आराधना र सेवा गर्न चाहन्छौं भने, कसरी *गर्न सक्छौं?* हामी चाँडै नै यी उत्तरहरू पाउनेछौं, तर पहिले, गलत ठाउँमा राखिएको आराधनाको अर्को उदाहरणको बारे चर्चा गरौं।

## ख. मूर्तिहरू – प्रेरित 17:26-29

पद 29 लाई हेर्दा, यस खण्डले परमेश्वरको ईश्वरत्वको बारेमा अरू के भन्छ?

*[चेला बनाउने व्यक्ति: फेरि, आवश्यक परे पद खोज्न सहायता गर्नुहोस्, तर आफैले उत्तर पत्ता लगाउन कोसिस गर्ने समय दिनुहोस्। उत्तर बेसी वा कम हुनसक्छ, "साँचो परमेश्वरको ईश्वरत्व सुन, चाँदी, ढुङ्गा, वा मानिसको दिमागले सम्झन सक्ने कुनै पनि आकृतिमा सही रूपले प्रतिनिधित्व गर्न सकिने कुरा होइन - यो धेरै ठूलो कुरा हो।" साथै, सम्भवतः, "यदि हामी उहाँका सन्तान हौं भने, यो उहाँले हामीलाई बताउनुभएको सँग साझा गर्नुभएको कुरा हो।" (यद्यपि, स्पष्ट हुनका लागि, हामी परमेश्वरजस्तै छौं वा परमेश्वरको स्तरमा पुग्न सक्षम छौं भन्ने भ्रममा पर्नुहुँदैन)]*



पावल भन्छन्, कि देवता बनाउने वा देवताको प्रतिनिधित्व गर्ने हाम्रो आफ्नै कोसिसद्वारा वास्तवमा सबै देवताहरूभन्दा माथिका परमेश्वर, साँचो परमेश्वर, सृष्टिका परमेश्वरको आदर हुँदैन। यस संसारमा माथि र परका परमेश्वरलाई कुनै पशु वा मानिसको मूर्ति, वा प्रकृतिमा भएको कुनै पनि थोकको दर्जामा खसाल्नु अज्ञानतामा गरिएको गल्ती हो। उहाँले सृष्टि गर्नुभएको कुनै पनि थोकको मूर्तिलाई ढोग्दा त्यो कसरी सृष्टिकर्ताको आदर गरेको हुन्छ? अन्त्यमा, हामीले सबै थोक सृष्टि गर्नुहुनेलाई होइन तर आफ्नै हातले बनाएका, पाउन सकिने र देखिने कुनै थोकको आराधना गरिरहेका हुन सक्छौं।

परमेश्वरले आफ्ना अनुयायीहरूलाई त्यसो गर्न निषेध गर्नुहुन्छ (हामी यहाँ देख्न सक्छौं, तर 1 कोरिन्थी 10:14, प्रस्थान 20:3-6, व्यवस्था 5:7-10, र बाइबलमा अरू धेरै ठाउँमा पनि)। सृष्टिकर्ता परमेश्वरको हाम्रो आराधना गर्न मूर्ति/चित्रहरू प्रयोग गर्नु उहाँसँग हामीले राख्न सक्ने कुनै पनि प्रकारको अर्थपूर्ण सम्बन्धको लागि बाधा हो।

*[चेला बनाउने व्यक्ति: उनीहरूले पहिले मूर्तिहरूको पूजा गरेका छन् कि छैनन् र किन उनीहरूले त्यसो गरेका हुन सक्छन् भनेर सोध्नुहोस्, यसको पछाडिका कारणहरू हेर्नुहोस्। पूजा र मूर्तिहरूको यो वैकल्पिक दृष्टिकोणको बारेमा छलफल गर्नुहोस् र उनीहरूमा कुनै शंका वा प्रश्नहरू छन् कि छैनन् हेर्नुहोस्।]*

त्यसकारण, हामीले कुन-कुन तरिकाले परमेश्वरको आराधना गर्नु हुँदैन भन्ने कुरा बताएका छौं। त्यसो भए, हामीले उहाँको आराधना कसरी गर्ने त?

***गर्नुपर्ने कार्य:*** *अर्को खण्डमा जानुभन्दा पहिले, पावलले प्रचार गरेका एउटा साधारण चित्र कोर्नुहोस् (केवल एउटा चित्र हुन सक्छ, तर हुन सके पृष्ठभूमिका जानकारीहरू पनि थप्ने कोसिस गर्नुहोस्)। आजको खण्ड (प्रेरित 17:22-34) बाट तपाईंलाई मनपर्ने पद चित्रको मुनि वा छेउमा लेख्नुहोस्।*

*[चेला बनाउने व्यक्ति: यो तपाईंहरू दुवैले गर्नुपर्ने कार्य हो। तपाईंले उदाहरणको रूपमा आफ्नो काम समयभन्दा अघि नै गर्न सक्नुहुन्छ वा उनीहरूले गरेका समयमा गर्न सक्नुहुन्छ। चेलालाई जहाँ सहायता चाहिन्छ, त्यहाँ सहायता गर्नुहोस्।]*

## ***भाग 3- सत्यको खोजी गर्नु- परमेश्वर नचाहनुहुने आराधना***

परमेश्वरका प्रेरित पावलले पद 27 मा भनेका छन्: "तर उहाँ [परमेश्वर] वास्तवमा हामी हरेकबाट टाढा हुनुहुन्न।" कतिचोटि ब्रह्माण्डका परमेश्वरले हामीलाई याद गर्नुहुन्न, हामीलाई के हुन्छ भन्ने कुराको वास्ता गर्नुहुन्न, उहाँ टाढा हुनुहुन्छ, हामीलाई ध्यान दिने उहाँसित समय हुँदैन भनी सोच्नु सजिलो छ। के हामी सर्वशक्तिमान् परमेश्वरको नजरमा तुच्छ र महत्त्वहीन हुनेछैनौं र? उहाँका प्रेरित पावल भन्छन्, कि यस प्रकारको सोच गलत र वास्तविकताभन्दा टाढा छ। परमेश्वर हाम्रो नजिक हुनुहुन्छ, उहाँले हामीलाई हामीसँग भएका सबै थोक दिनुहुन्छ, हामीलाई जीवन दिनुहुन्छ, र उहाँ मानिसहरू उहाँको नजिक आऊन् भन्ने चाहनुहुन्छ।

तर हामी कसरी उहाँको नजिक जान सक्छौं?

*[चेला बनाउने व्यक्ति: यस भागमा कम प्रश्नहरू छन्, किनकि केही उत्तरहरू कम स्पष्ट छन् र केही उत्तरहरू बाइबल अध्ययन विधिहरूमा आधारित छन् जुन हामी बिस्तारै चेलाहरूलाई परिचय गराउने आशा गरिरहेका छौं (जुन उनीहरूलाई अहिले थाहा छैन)।*

*तापनि, उनीहरूलाई यी "कसरी" भन्ने प्रश्नहरूको जवाफ आफैले खोज्न कोसिस गर्न दिनुहोस्।]*

**क.** परमेश्वरको आराधना गर्न, उहाँलाई आदर गर्न, ***हामीले उहाँलाई खोज्नै पर्छ*** (पद 27)

परमेश्वरलाई खोज्ने यो आग्रह पद 27 मा पाइन्छ। तर हामी त्यो कसरी गर्छौं? यस पदमा यसले स्पष्ट निर्देशनहरू दिंदैन, तर प्रभुलाई खोज्ने सबैभन्दा राम्रो तरिका भनेको उहाँको वचन - बाइबल - अध्ययन गर्नु र प्रार्थनामा उहाँसँग बातचित गर्नु हो। अनि उहाँको वचन अध्ययन गर्दा, पद 27-28 ले हामीलाई आश्वासन् दिन्छ, कि परमेश्वरलाई खोज्नु व्यर्थको कोसिस होइन। उहाँ हामीबाट टाढा हुनुहुन्न। यस खण्डमा बारम्बार दोहोरिने केही शब्दहरू हेरौं: ***सबै, मानिस, मानव जाति, सबै मानिसहरू, प्रत्येक ठाउँ, संसार।***

एउटै दुरुस्त शब्द होइनन्, तर यी सम्बन्धित शब्दहरू हुन् जसले एउटै प्रकारको विचार व्यक्त गर्दछ। त्यसोभए, यसले हामीलाई के भन्न सक्छ? [*पहिले तिनीहरूलाई उत्तर दिने मौका दिनुहोस्*]। यी शब्दहरूले मानिसहरू, मानव जाति, वक्ता र तिनले हामीलाई बताइरहेका परमेश्वर दुवैका लागि महत्त्वपूर्ण छन् भनेर संकेत गर्दछ। यसले हामीलाई एक परमेश्वरतर्फ औंल्याउँदैछ जो सबै मानव जातिद्वारा चिनिन चाहनुहुन्छ, एक परमेश्वर जसले ठूला वा साना, कालो वा गोरो, पुरुष वा महिला सबै मानिसहरूको वास्ता गर्नुहुन्छ। जसरी हामी बाइबलका अरू भागहरूबाट जान्दछौं, सृष्टिका यस परमेश्वरले अनुग्रह र मुक्ति दिनुहुन्छ, र तपाईं र मसहित सबैको नजिक हुन चाहनुहुन्छ।



पद 28 मा पावलले एक ग्रीक दार्शनिकलाई उद्धृत गर्दै भनेका छन् कि हामी परमेश्वरका सन्तान हौं - र यो विषयवस्तु सम्पूर्ण बाइबलभरि गहिरो रूपमा फैलिएको छ। वास्तवमा, परमेश्वरको वचनको सुरुमा नै, उत्पत्ति 1:27 मा, भनिएको छ, कि हामी परमेश्वरको स्वरूपमा सृष्टि गरिएका थियौं। यसले हामीलाई देखाउँछ, कि परमेश्वर वास्तवमा हाम्रा सृष्टिकर्ता हुनुहुन्छ र हामी विशेष प्रकारले बनाइएका छौं र एक परिवारजस्तै बन्न बनाइएका छौं। उहाँ कुनै हठात बदलिने वा क्रूर वा टाढाको देवता हुनुहुन्न। उहाँ हामीसँग

जीवन, न्याय र शान्ति होस् भन्ने चाहनुहुन्छ। हामी यहाँ पनि देख्न सक्छौं - उहाँको सेवकमा हुने मुख्य गुण (पद 31) *धार्मिकता* हो भनेर हामीलाई आश्वासन दिइएको छ।

तर, पद 27 मा भनिएझैं, हामीले उहाँलाई खोज्नुपर्छ। धेरैले उहाँलाई अस्वीकार गर्छन् वा पूर्ण रूपमा बेवास्ता गर्छन्। हामी बाइबल, उहाँको वचन पढेर र उहाँसँग प्रार्थना गरेर सुरु गर्न सक्छौं। अरू के गर्नुपर्छ?

**ख.** परमेश्वरको आराधना गर्न, उहाँलाई आदर गर्न, ***हामीले पश्चात्ताप गर्नुपर्छ*** (पद ३0)

ब्रह्माण्ड सृष्टि गर्नुहुने परमेश्वरको शक्ति र महिमाले हाम्रा प्रभुलाई टाढा देखाउन सक्छ। तर यो विश्वासलाई थामेर राख्न अरू शक्तिहरू पनि काम गरिरहेका छन्, जसमा हाम्रो आफ्नै डर पनि सामेल छ। हामी उहाँको नजिक जान डराउन सक्छौं। सृष्टिका परमेश्वर पनि एक धर्मी परमेश्वर हुनुहुन्छ, र पद 31 मा भनिएको छ, उहाँले धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ - र इन्साफ हुनु डरलाग्दो कुरा हुन सक्छ।


तर पहिले, परमेश्वरले संसारको इन्साफ धार्मिकतामा गर्नुहुनेछ भनेको अर्थ के हो? धार्मिकता भनेको के हो? के हामी यस परमेश्वरलाई न्यायाधीशको रूपमा भरोसा गर्न सक्छौं?



प्रायः हरेक संस्कृतिमा नरक छ, र दुष्टहरूका लागि परिणामहरू छन् भन्ने धारणा पाइन्छ। हामी जान्दछौं, दुष्टता, हिंसा, अन्याय र क्रूरता छ। हामी जान्दछौं, सही र गलत छ। चोरी गर्नु गलत हो, हत्या गर्नु गलत हो, आदि, तापनि यस्तो हुन्छ। तर सही, नैतिक र असल कुरा स्थापित गर्नुहुने धर्मी परमेश्वरमा हाम्रो आशा छ, त्यहाँ सही इन्साफ, ईश्वरीय न्याय हुनेछ। धर्मी परमेश्वर, दुष्टतालाई घृणा गर्नुहुने परमेश्वरले आफ्नो समय र परिश्रम अरूको शोषण गर्न, दुर्व्यवहार गर्न वा दमन गर्न प्रयोग गर्छन्, तिनीहरूले परिणामस्वरूप नरक भोग्नेछन् भनी आदेश दिन सक्नुहुन्छ।

पद 30 ले भन्छ: "यस्तोअज्ञानताको समयलाई परमेश्वरले ध्यान दिनुभएन। तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ।" अज्ञानताको समय सकिएको छ, किनकि सृष्टिका परमेश्वरले आफ्ना पुत्र येशूलाई परमेश्वरको बारेमा सत्य प्रकट गर्न र परमेश्वरको नजिक आउनेहरूलाई जीवन दिन पठाउनुभयो। येशूको सुसमाचार सुन्ने - पावलको कुरा सुन्ने ग्रीकहरू - आज हामी सुन्नेहरू जस्तै - सबैका लागि अज्ञानताको समय सकिएको छ।

हामीमध्ये  प्रायःलाई हामी कति कमजोर, अपवित्र र अपूर्ण छौं भन्ने कुरा पूर्ण रूपमा थाहा छ, तापनि हामी सधैं यसलाई बेवास्ता गर्छौं। तर हामी जिउन चाहन्छौं भने त्यसो गर्न सक्दैनौं। हामी पापी मानिसहरू *हौं!* यसले हामीलाई पूर्ण रूपमा धर्मी, पूर्ण रूपमा असल र पूर्ण रूपमा शक्तिशाली सृष्टिकर्ता परमेश्वरको सबैथोक देख्ने आँखाको जाँचमा पर्न भयभीत बनाउँछ।



*[चेला बनाउने व्यक्ति: उनीहरूलाई सोध्नुहोस् "के यहाँ कोही छ, जसले आफूलाई सिद्ध व्यक्ति ठान्छ? के तपाईंले केही गलत गर्नुभएको छ, अरूलाई चोट पुऱ्याउनुभएको छ भनी तपाईंलाई याद छ?" यहाँ छोटो छलफल प्रयोग गरेर यो बुँदालाई जोड् दिनुहोस्: हामीमध्ये कोही पनि दोषीरहित छैनौं, पापको कारण हाम्रो आत्मामा कुनै प्रकारको दाग नलागेको कोही छैनौं।]*

पद 31 मा पावलले सारा मानव जातिको इन्साफ गर्न परमेश्वरले नियुक्त गर्नुभएको मानिसको बारेमा कुरा गर्छन्, एक धर्मी मानिस, जसलाई परमेश्वरले हाम्रो निश्चयताका लागि मृत्युबाट जीवित पार्नुभयो। यो "मानिस" येशू ख्रीष्ट हुनुहुन्छ, संसारका मुक्तिदाता, र परमेश्वरले उहाँलाई *हाम्रा* मध्यस्थकर्ताको रूपमा नियुक्त गर्नुभएको छ। उहाँ नै हुनुहुन्छ जसले हामीलाई सृष्टिकर्ता परमेश्वर, हाम्रा पितासँग फेरि जोड्न सक्नुहुन्छ। यदि हामीले पश्चात्ताप गऱ्यौं भने येशू नै हुनुहुन्छ, जसले हामीलाई उहाँको नजिक ल्याउन सक्नुहुन्छ।

## निष्कर्ष

हामीले सृष्टिकर्ता परमेश्वरलाई खोज्नु आवश्यक छ। हामीले त्यो गर्न सक्ने एउटा महत्त्वपूर्ण तरिका भनेको उहाँले हामीलाई भन्नुभएको कुराहरू पालन गर्नु हो - र यहाँ हामी देख्छौं कि सृष्टिका परमेश्वरले हामीलाई "पश्चात्ताप" गर्न, देवताहरूको पूजा गर्ने हाम्रो पुरानो चालहरूबाट फर्कन, हाम्रो वरिपरिको अन्यायहरू अनुरूप नहुन आग्रह गर्नुहुन्छ, र उहाँले हामीलाई उहाँकहाँ फर्कने आह्वान गर्नुहुन्छ। येशू हाम्रा मध्यस्थकर्ता हुनुहुन्छ, जसले हामीलाई यो गर्न सक्षम बनाउनुहुन्छ; उहाँ हाम्रा मुक्तिदाता हुनुहुन्छ, र उहाँ परमेश्वरद्वारा हामीकहाँ पठाउनुभएको थियो। येशूले हाम्रो डर, हाम्रो अज्ञानता, र हाम्रो पाप पनि हटाउन सक्नुहुन्छ, ताकि हामी परमेश्वरको नजिक जान सकौं। यही कथा हो जुन चारै वटा सुसमाचारले हामीलाई बताउँछन्, र यो त्यही आशा हो, जसका लागि सम्पूर्ण पुरानो करार निर्माण गरिएको थियो।

## प्रयोग (जीवनमा अप्नाउन पर्ने कुराहरू)

यस खण्डले धेरै विभिन्न विषयहरू र काम गर्ने तरिकाहरूको बारेमा कुरा गर्दछ, र सायद हामीलाई गर्न बोलाइएको सबैभन्दा स्पष्ट, सबैभन्दा जरूरी काम पश्चात्ताप गर्नु हो। सृष्टिकर्ता परमेश्वरले खोजिरहनुभएको जस्तो पश्चात्ताप उहाँलाई प्रार्थना गरेर, हाम्रो पाप स्वीकार गरेर, र उहाँको सहायता र मुक्तिका निम्ति बिन्ती गर्दै सुरु हुँदछ। हामी यो कसरी गर्न सक्छौं? यो हप्ता, पश्चात्तापको बारेमा परमेश्वरसँग कुरा गर्न, र उहाँसँग प्रार्थना गर्न, क्षमा माग्न, र तपाईंको अर्को चरणहरू के हुनुपर्छ सो निश्चित गर्न समय छुट्ट्याउनुहोस्। *[चेलाहरू बनाउने व्यक्ति: तपाईंले पनि यो कार्य/प्रयोग बनाउने काम गर्नुपर्छ!]*

### *अर्को हप्ताका लागिः*

- मुख्य पद कण्ठ गर्नुहोस् (17:23ख)। [चेला बनाउने व्यक्ति, यसमा उनीहरूलाई सहायता गर्न, बाइबल नहेरीकन भन्न नसकेसम्म धेरै पटक दोहोऱ्याउनुहोस्। त्यसपछि, उनीहरू यसमा निश्चित भएपछि, उनीहरूलाई त्यो तीन पटक लेख्न लगाउनुहोस्। पछि, हामी विभिन्न खेलहरू वा कण्ठ गर्ने तरिकाहरूमा प्रवेश गर्नेछौं, तर अहिलेका लागि सरल प्रकारले सुरु गरौं!]

- यदि तपाईंसँग उपलब्ध छ भने अर्को पाठ गर्नुहोस्।

- 2 तिमोथीको अध्याय 3 पढ्नुहोस्। अर्को हप्ताको अध्ययन पद 16 र 17 मा केन्द्रित हुनेछ, तर बाइबल अध्ययन गर्दा थप सन्दर्भ राख्नु सधैं राम्रो हुन्छ! *[चेला बनाउने व्यक्ति: यदि तपाईंसँग उपलब्ध छ भने, उनीहरू जानुभन्दा अघि यो खण्ड कहाँ पाइन्छ भनी उनीहरूले जानेका छन् भनी सुनिश्चित गर्नुहोस्]।*

पाठ 2

# बाइबलको परिचय

**बाइबल पाठः** 2 तिमोथी 3:16-17

**मुख्य पदः** 2 तिमोथी 3:16

"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई र धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ।"

## समीक्षा(दोहोऱ्याएर हेर्नु)

गत हप्ता हामी प्रेरितको पुस्तकबाट अध्ययन गऱ्यौं, पावललाई चिन्यौं र सृष्टिका परमेश्वरको नजिक कसरी जाने भन्ने कुरा सिक्यौं। हामीले त्यस खण्डको मुख्य पद पनि कण्ठ गऱ्यौं, र हामीलाई "गृहकार्य" *[त्यो हप्ताको समयमा प्रार्थना गर्ने समय छुट्याउने र 2 तिमोथी 3 पढ्ने]* दिइएको थियो। के तपाईंले यो गर्न सक्नुभयो? यो कस्तो भयो? *[चेला बनाउने व्यक्ति: उनीहरूले आफ्नो गृहकार्य गरेको निश्चित गर्नुहोस्! हुन सके पुरस्कारको रूपमा केही मिठाइ वा अरू सानातिना पुरस्कार दिनुहोस्। थप समीक्षाका लागि केही प्रश्नहरू: के तपाईंलाई अझै पनि त्यो पद याद छ (उनीहरूलाई त्यो स्मरणबाट भन्न लाउनुहोस्)? के तपाईंले प्रार्थना गर्ने समय छुट्ट्याउन सक्नुभयो? त्यो कस्तो भयो? कुनै टिप्पणी वा प्रश्नहरू छन् कि?]*

बाइबलको परिचयः

*[प्रार्थना गर्दै सुरु गर्नुहोस्, उहाँको वचनबाट सिक्दैजाँदा प्रभुले हामीलाई बुद्धि देऊन् भनेर बिन्ती गर्नुहोस्। त्यसपछि उनीहरूसँग बाइबल छ कि छैन सोध्नुहोस्। पाठ प्रस्तुत गर्न सहायता पाउनका लागि तपाईंले उनीहरूको बाइबलको बारेमा सोध्न सक्ने केही प्रश्नहरू यस प्रकार छन्: के बाइबल देख्न सक्छु? के तपाईंहरू यो नियमित पढ्नुहुन्छ? के तपाईंलाई यो बुझेको जस्तो लाग्छ? के तपाईंले यस हप्ताको अध्याय पढ्नुभएको छ? के तपाईंसँग अहिलेसम्म यसको बारेमा कुनै विचार छ?]*

**बाइबल के हो?**

बाइबल परमेश्वरको लिखित वचन हो, जसले हामीलाई जीवनका सबै क्षेत्रलाई समेट्ने मुख्य मार्गदर्शक सिद्धान्तहरू दिन्छ। बाइबलद्वारा परमेश्वरले उहाँको इच्छा, उहाँका नियमहरू, उहाँको स्वभाव र मानव जातिलाई बचाउने उहाँको उद्देश्यलाई बताउनुहुन्छ।



बाइबल 66 वटा पुस्तकहरूको संकलन हो, जुन 40 भन्दा बढी लेखकहरूले लगभग 1500 वर्षको अवधिमा लेखेका छन्। बाइबलको मूल पाठ तीन वटा भाषामा राखिएका थियो: हिब्रू, ग्रीक र आरमेइक। तापनि, सबै भागहरू एकसाथ मिलेर एउटा अद्वितीय कथा सुनाउँछन्, यसमा सुरुदेखि नै परमेश्वरले मानव जातिलाई आशिष् दिनुभएको र बचाउनुभएको कथा छ, मानव जातिका मुक्तिदाता येशूको आगमनको लागि इस्राएलका मानिसहरूसँग र तिनीहरूद्वारा काम गर्नुभएको कथा छ।

**हामीसँग बाइबल किन छ र हामीलाई यसको आवश्यकता किन छ?**


परमेश्वरका एक जना मानिस, जोन वेस्लीले भनेका छन्: "यदि ब्रह्माण्ड सृष्टि गर्नुहुने परमेश्वरले हाम्रा लागि अनन्त जीवन कसरी प्राप्त गर्ने भनेर बताउन एउटा पुस्तक लेख्नुभएको छ भने, मलाई त्यो पुस्तक दिनुहोस्! संसारमा योभन्दा महत्त्वपूर्ण अर्को कुनै पुस्तक छैन।"

यो पुस्तक, यो वचनद्वारा हामी परमेश्वरको चरित्र(गुण) जान्न सक्छौं। हामी उहाँको योजना र उद्देश्य के हो भनेर थाहा पाउन सक्छौं; हामी उहाँका सन्तानको रूपमा कसरी जिउने र येशूमा "नयाँ सृष्टि" कसरी बन्ने भनेर सिक्न सक्छौं।

*[चेला बनाउने व्यक्ति, यदि सोधियो भने, मुक्तिको प्रक्रियालाई वर्णन गर्न बाइबलमा (2 कोरिन्थी 5:17 मा) "नयाँ सृष्टि" भन्ने वाक्यांश प्रयोग गरिएको छ - यो ख्रीष्टले हामीलाई नयाँ बनाउनुहुन्छ भन्ने विचार हो। पहिले हामी जो थियौं, त्यसबाट शुद्ध पारिन्छौं र नयाँ पहिचानमा बनाइन्छौं, हामी पापीबाट परमेश्वरको सन्तानमा परिवर्तन भएका छौं]*

आजको पाठ बाइबलले व्यावहारिक (ताकि हामी यसलाई सजिलैसँग बुझ्न सकौं) र आत्मिक (बाइबलको सन्देश के हो भनेर बुझ्न) दुवै रूपमा कसरी काम गर्छ भन्ने विषयमा छ। हाम्रो पहिलो चरण भनेको बाइबल कसरी प्रस्तुत गरिएको छ भन्ने कुरा जान्नु हो।

**बाइबल कसरी व्यवस्थित गरिएको (मिलाइएको) छ?**




पहिलो, दुई प्रमुख विभाजनहरू छन्, जसलाई पुरानो करार र नयाँ करार भनिन्छ। ती सामान्यतया व्यक्तिगत पुस्तकहरू कहिले लेखिएका थिए भन्ने आधारमा मिलाएर राखिएका छन्।

पुरानो करारले हामीलाई इतिहासको सुरुवातमा फर्काउँछ, जुन सृष्टिको कथाबाट सुरु हुन्छ। हामी परमेश्वरका मानिसहरू, इस्राएलको इतिहास र साहित्यको बारेमा पढ्छौं - परमेश्वरलाई पछ्याउनमा उनीहरूको असफलता र सफलताहरू, तिनीहरूका कविता र हितोपदेशहरू, र मानिसहरूलाई मार्गदर्शन गर्न परमेश्वरको सन्देश बोल्ने तिनीहरूका अगमवक्ताहरू।

नयाँ करारले हामीलाई येशू, उहाँको सेवा, जीवन र मृत्युको बारेमा बताउँछ; यसले चर्चको सुरुवात, प्रथम ख्रीष्टियनहरूले सामना गरेका बाधाहरू, ख्रीष्टियन धर्मका शिक्षाहरू र यसमा प्रकाशको पुस्तक पनि छ।

भनिसकेका छौं, पुरानो र नयाँ करार भित्र ससाना विभाजनहरू छन्, जसलाई पुस्तकहरू भनिन्छ। पुरानो करारमा 39 वटा पुस्तकहरू छन्। *[विद्यार्थीलाई आफ्नो बाइबल पहिलो पुस्तक खोल्न भन्नुहोस्। तिनीहरूलाई देखाउनुहोस् कि यसलाई "उत्पत्ति" भनिन्छ, जसको अर्थ "सुरुवातहरू" हो।]* नयाँ करारमा 27 वटा पुस्तकहरू छन्। पहिलो पुस्तकलाई के भनिन्छ? *[तिनीहरूलाई उनीहरूको बाइबलमा खोज्न सहायता गर्नुहोस् र, सोध्नुभएपछि, यो पुस्तकको लेखकको नाउँबाट राखिएको मत्तीको पुस्तक हो भनेर पुष्टि गर्नुहोस्]।* बाइबलको अन्तिम पुस्तकको नाउँ के हो? *[तिनीहरूलाई बाइबलको पछाडि खोल्न निर्देशन दिनुहोस्। "प्रकाश" नाउँले पुस्तकको लेखकले देखेका दर्शनहरूको शृङ्खलालाई बुझाउँछ]* बाइबलमा जम्मा 66 वटा पुस्तकहरू छन्।



बाइबलको सुरुमा सबै पुस्तकहरूको सूची र ती कहाँ पाउन सकिन्छ भन्ने पृष्ठ छ, जसलाई सामान्यतया *"विषयसूची"* वा केवल *"विषयवस्तु"* भनिन्छ। 2 तिमोथी कहाँ छ हेरौं। [सँगसँगै पृष्ठ पल्टाउनुहोस्।] यो पावलले तिमोथीलाई लेखेका दोस्रो पत्र हो।

*[चेला बनाउने व्यक्ति: आफ्नो चेलाका आवश्यकताहरू पूरा गर्न नभुल्नुहोस्। यदि उनीहरू पहिले नै बाइबलसँग परिचित छन्, र यसले कसरी काम गर्छ भन्ने ससाना विवरणहरू जान्न आवश्यक छैन भने, तपाईं अर्को खण्डमा बढ्न सक्नुहुन्छ (2 तिमोथी 3:16-17 पढ्दै / "वचन अध्ययन गर्नु।")]।*

2 तिमोथीलाई हेर्दा, तपाईंले मोटो अक्षरमा ठूला संख्याहरू ('1,' '2,' '3,' '4') देख्नुहुनेछ। यी संख्याहरूले अध्यायहरू बुझाउँछन्। अध्यायहरू भित्र ससाना, बारम्बार आएका संख्याहरू छन्, जुन पदहरूका संख्या हुन्। ती पदहरूले अध्यायलाई ससाना भागहरूमा विभाजन गर्छन् र जुन एउटा वाक्य मिलेर बनेको हुन्छ, तर छोटो (केवल एउटा वाक्यांश), वा लामो (धेरै वाक्य वा बढी) हुन सक्छ। पदहरूको लम्बाइ विभिन्न पुस्तकहरू र अध्यायहरूद्वारा फरक-फरक हुन्छन्। बाइबललाई यसरी मिलाइएको छ, ताकि हामीले आफ्नो अध्ययनको क्रममा बाइबलका विशेष भागहरू भेट्टाउन, सन्दर्भ गर्न, कण्ड गर्न वा पढ्न सकौं भनेर यसो गरिएको हो।

आजको खण्ड 2 तिमोथी, अध्याय 3, पद 16 र 17 मा छ। तपाईं देख्न सक्नुहुन्छ, बाइबलको *एउटै* भाग एकसाथ पढ्नका लागि भेट्टाउन सजिलो हुन्छ। यो बाइबल अध्ययन र प्रचारका लागि उपयोगी छ - सबैले एउटै ठाउँमा भेट्टाउन र पढ्न सक्छन्।

पद कहाँ फेला पार्ने भनेर बताउने संकेत-चिन्हलाई 'सन्दर्भ'भनिन्छ। 'सन्दर्भ' मा, यसले बाइबलको पुस्तक, अध्याय, र पढ्नुपर्ने पद (वा पदहरू) देखाउँछ। आज हाम्रो सन्दर्भ 2 तिमोथीको पुस्तक, अध्याय 3, पद 16 देखि पद 17 सम्म छ, वा: 2 तिमोथी 3:16-17 मा छ। अध्यायलाई पदहरूबाट कोलोन (:) द्वारा छुट्ट्याइएको छ। पदहरूलाई क्रमबद्ध रूपमा पढ्नका लागि, हामी हाइफन (-) प्रयोग गर्छौं, र वैकल्पिक पदहरूका लागि, हामी अल्पविराम (,) प्रयोग गर्छौं। उदाहरणका लागि, यदि हामीसँग 2 तिमोथी 3:14, 17 को सन्दर्भ थियो भने, हामी 2 तिमोथी पुस्तकको अध्याय 3 को पद 14 र 17 मात्र पढ्छौं। साथै, यो ध्यान दिनु पर्ने कुरा यो छ, कि प्रायः पुस्तकको नाउँ छोटो बनाइएको छ - उदाहरणका लागि, आजको सन्दर्भमा 2 तिमोथीलाई 2 तिमोथीमा भनेर छोटो पारिनेछ। त्यसैले, एउटा सामान्य सन्दर्भ संकेत-चिन्ह पढिनेछ: 2 तिमोथी। 3:16-17।

*[अब 2 तिमोथी 3:16-17 सँगसँगै पढ्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस्]*



**<u>वचन अध्ययन गर्नुः</u>**

*[आफ्नो चेलालाई पहिले उत्तर दिने कोसिस गर्न लाउनु नभुल्नुहोस्; जब उनीहरूलाई सहायता चाहिन्छ वा सहायता माग्छ तब मात्र उत्तर बताउनुहोस्। तर याद राख्नुहोस्, यो केवल दोस्रो पाठ हो - यदि अहिलेसम्म उनीहरूलाई कसरी जवाफ दिने भनेर जानेका छैनन् भने पनि ठीक छ। महत्त्वपूर्ण कुरा भनेको धैर्य गर्नु हो।]*

**हामीसँग पवित्र-शास्त्र किन/कसरी छ:**

पद 16 को सुरुमा पवित्र-शास्त्रको वर्णन कसरी गरिएको छ? *[परमेश्वरको प्रेरणाद्वारा लेखिएको। यसको अर्थ पवित्र-शास्त्रका वचनहरू परमेश्वरले लेखकहरूद्वारा लेख्नुभएको थियो। त्यसैले, उहाँ पवित्र-शास्त्रका लेखक र त्यो सुरु गर्नुहुने हुनुहुन्छ, तर उहाँले यो लेख्न आफ्ना सेवकहरूलाई प्रयोग गर्नुभयो।]*

पावलले यहाँ, "पवित्र-शास्त्र" भनेर हामीले जानेका पुरानो करारलाई संकेत गरिरहेका थिए - तर यो नयाँ करारको निम्ति पनि लागू हुन्छ (जुन त्यसबेला अझै पूर्ण रूपमा लेखिसकिएको थिएन)। दुवै करारका पुस्तकहरू परमेश्वरद्वारा समान रूपमा प्रेरित छन्। यो पनि हुन सक्छ, कि पावल र तिमोथी हिब्रू पुरानो करारको ग्रीक अनुवादसँग सबैभन्दा बढी परिचित थिए; अनुवाद हुँदा पनि परमेश्वरको वचनले आफ्नो शक्ति गुमाएन। सबै पवित्र-शास्त्र, कुनै पनि भाषामा, "परमेश्वरको प्रेरणाद्वारा लेखिएको" हो।

भनाइको अर्थ यति मात्र होः बाइबलको स्रोत ***ईश्वरीय*** हो। येशूका अर्का अनुयायी पत्रुसले भने, "पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्" (2 पत्रुस 1:21)। पवित्र आत्मा परमेश्वरका आत्मा हुनुहुन्छ र उहाँले लेखकहरूलाई सत्य वचन लेख्न गर्न ***आत्माद्वारा प्रेरीत गर्नुभयो।***

***पवित्र-शास्त्रको स्रोत प्रभु हुनुभएकोले हामीलाई पूर्ण विश्वास छ!***

**हामीलाई पवित्र-शास्त्र किन चाहिन्छः**

अब, हामीलाई वास्तवमा बाइबल किन चाहिन्छ? पद 16 को बाँकी भागमा, यसले हामीलाई बाइबल चार तरिकाले "लाभदायक" छ भनेर देखाउँछ। ती चार तरिकाहरू के-के हुन्? *[यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई र धार्मिकतामा तालिम दिनलाई लाभदायक छ।]*

यी चार प्रयोगहरूलाई थप दुई वर्गमा विभाजन गर्न सकिन्छ, विश्वास र व्यवहार; प्रत्येक वर्गको सकारात्मक (+) र नकारात्मक पक्ष (-) हुन्छ।

विश्वासमा शिक्षा (+) र हप्की (-) समावेश हुन्छन्। हामीलाई सत्य के हो भनेर सिकाउन आवश्यक छ, केमा विश्वास गर्ने भनेर सिक्नुपर्छ, हाम्रो धर्मले कसरी काम गर्छ भनेर बुझ्नुपर्छ। हप्कीले हामीलाई हाम्रो विश्वासमा कहाँ गलत छौं भनेर देखाउँछ, हामीले बोकेका विचार र धारणाहरू गलत छन् भनेर देखाउँछ; यसले हामीलाई सत्य र झुट बीचको भिन्नता कसरी छुट्ट्याउने भनेर देखाउँछ। हामीले प्रायः हाम्रा विश्वासहरू सच्याउन आवश्यक छ, ताकि हामी आफ्नो संस्कृतिका कुराहरूमा, प्रभुको विरुद्धमा रहेका हाम्रा वरपरका मानिसहरूमा, वा हाम्रा आफ्नै गलत विचार र इच्छाहरूमा भरोसा गरी नरहौं। तर हामी



वास्तविक कुरा के हो भनेर थाहा नभइञ्जेल के नक्कली हो भनेर भन्न सिक्न सक्दैनौं। हामीलाई सत्य देखाउनका लागि शिक्षा (+) र के झुटो हो भनेर देखाउनका लागि हप्की (-) चाहिन्छ।

तर विश्वास तब मात्र महत्त्वपूर्ण हुन्छ जब यो *व्यवहारद्वारा* काम गरिन्छ। त्यसैले, हामीलाई सच्याउन आवश्यक छ (-), हामीमा धेरै पुराना बानीबेउराहरू, घृणा वा पापहरू टाँसिएर रहेका छन्। हामीले गर्ने दुष्ट वा अस्वस्थकर कामहरूलाई हटाउनु आवश्यक छ।

तर वचनले धार्मिकतामा तालिम पनि दिन्छ (+)। यदि हामीलाई विश्वास कसरी गर्ने भनेर सिकाइएको छ भने, हामीले ती विश्वासहरू अनुसार कसरी व्यवहार गर्ने? व्यावहारिक रूपमा भन्नुपर्दा, एक ख्रीष्टियनको रूपमा हामी व्यावहारिक रूपमा कस्तो प्रकारले जिउन सक्छौं? बाइबलले त्यस विषयमा पनि शिक्षाहरू दिंदछ, जसले हामीलाई हामीले कस्तो प्रकारको आचरण गर्नुपर्छ भनी देखाउँछ। हामी पढ्दैजाँदा, हामी पहिलेदेखि नै गर्दैआएका कुन कुराहरू परिवर्तन गर्न आवश्यक छ (-), र यसको सट्टा हामीले कुन नयाँ कार्यहरू गर्न सिक्नु पर्छ भनी जान्दछौं (+)।

त्यसैले, यस पदलाई अर्कै शब्दहरूमा व्याख्या गर्दा यो यस्तो हुन सक्छ: बाइबल साँचो शिक्षा(सिद्धान्त) सिकाउन, झुटा शिक्षालाई सच्याउन, अनैतिकतालाई हप्काउन र हामीलाई धार्मिकताको जीवन कसरी बिताउने भनेर निर्देशन दिन उपयोगी छ।

*[चेला बनाउने व्यक्ति, बाइबल तपाईंसँग कसरी बोलेको छ भन्ने बारेमा व्यक्तिगत गवाही दिनुहोस् - यसले तपाईंलाई के सिकाएको छ, तपाईंको बारेमा के प्रकट गरेको छ, वा जीवनको बारेमा बुझ्न कसरी सहायता गरेको छ, वा अझ अरू कुराहरू बताउनुहोस्। यो बाइबलको व्यक्तिगत अनुभवको बारेमा कुनै पनि कथा हुन सक्छ, तर आदर्श रूपमा यो माथिका वर्गहरूमध्ये एकमा पर्दछ (शिक्षा, हप्की, सुधार, धार्मिकतामा जीवन बिताउने)।]*

त्यसैले हामी जान्दछौं, बाइबल परमेश्वरको प्रेरणाद्वारा मानिसहरूले लेखेका हुन्, र हामी जान्दछौं, यो हामीलाई कसरी विश्वास गर्ने र व्यवहार गर्ने भनेर सिकाउन दिइएको थियो। के यसमा थप्न पर्ने केही छ?

पद 17 ले बाइबलले हामीमा के गर्छ भन्ने कुरामा दोस्रो तहको महत्त्व थप्छ।

पवित्र-शास्त्र प्रयोग गर्ने अर्को कारण के हो? [*हामी सिद्ध र हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित हुन सकौं भनेर हामीसँग बाइबल छ। बाइबल ख्रीष्टियनहरूलाई अर्थात्, परमेश्वरलाई पछ्याउने र उहाँको अनुकरण गर्न खोज्ने मानिसहरूलाई सक्षम बनाउनका लागि हो। परमेश्वरलाई खोज्ने र उहाँको वचनद्वारा त्यसो गर्ने व्यक्ति भक्तिमय जीवन बिताउन र अरूको सेवा गर्न सुसज्जित हुनेछ (चाहे व्यावसायिक रूपमा होस् वा दैनिक जीवनमा)।*] के तपाईं ख्रीष्टलाई पछ्याउन, प्रभुको सेवा गर्नका निम्ति तपाईंलाई चाहिने सबै कुरा प्राप्त गर्न चाहनुहुन्छ? तपाईंले बाइबल पढ्दा र अध्ययन गर्दा ती कुराहरू तपाईंलाई थपिनेछ।



**गर्नुपर्ने कार्यः** छ्यासमिसे अक्षरहरू

*[चेला बनाउने व्यक्तिः आजको कार्य एउटा छोटो खेल हो, जसलाई "छ्यासमिसे अक्षरहरू" भनिन्छ। यसको लक्ष्य चेलाले छ्यासमिसे अक्षरहरू मिलेर कुन शब्द हुनुपर्छ भनेर पत्ता लगाउनु हो। यी अक्षरहरू मूल शब्दको "मिश्रण" । उदाहरणका लागि—**यमस** = समय, वा **स्होनुलेख्** = लेख्नुहोस्। तपाईं सँगसँगै भाग लिन सक्नुहुन्छ (उत्तरहरू यस पाठको अन्त्यमा छन्), वा तपाईं चेलालाई त्यो एक्लै गर्न दिन सक्नुहुन्छ।*

*त्यसैले, खेल सुरु गर्न, एक मिनेटको समय तोक्ने व्यक्ति राख्नुहोस् र हेर्नुहोस् कि चेलाले कति शब्दहरू मिलाउन सक्छ हेर्नुहोस्! यदि तपाईं र चेलाले खेललाई लामो बनाउन चाहनुहुन्छ भने, वा यदि तपाईंले समय सकिन अघि धेरै शब्दहरू मिलाउनुभयो भने, त्यहाँ छ वटा नियमित शब्दहरू छन्, साथै चार थप (वैकल्पिक) शब्दहरू छन्। चकलेट वा बिस्कुटजस्ता ससाना पुरस्कारहरू ल्याउनुहोस्, किनकि यदि तिनीहरूले समयमै शब्दहरू*

*पूरा गर्छन् त्यो तिनीहरूलाई दिनुपर्छ। यदि तिनीहरूलाई समस्या भइरहेको छ, वा तपाईं छोटो खेल चाहनुहुन्छ भने, यदि तिनीहरूले आधा भन्दा बढी शब्दहरू मिलाए भने उनीहरूले जित्छन् भनेर पनि भन्न सक्नुहुन्छ। प्रयोग भइरहेका शब्दहरू बाइबलसँग सम्बन्धित फरक शब्दहरू हुन् - बाइबलका नाउँहरू, यसका भागहरू, आदि। तपाईं कि त उनीहरूलाई यो पहिले नै भन्न सक्नुहुन्छ, वा उनीहरूलाई आफै पत्ता लगाउन दिनुहोस्।]*

बाबलइ, पस्त्रवित्रशा, चनव,स्थथाव्य, राकर, वासे,

अतिरिक्त शब्दहरूः रितप्रे, को मेरश्वप ससा, भकदालाय,र्भन्दस

**बातचित गर्न प्रश्नहरूः**

*[समयले अनुमति दिए, तपाईंको आफ्नै विचारमा स्वतन्त्र रूपमा छलफल गर्नका लागि तयार गरिएका प्रश्नहरू।]*

यो खण्डले तपाईंलाई कस्तो चुनौती वा प्रोत्साहन दिन्छ?

पवित्र-शास्त्रले हाम्रो जीवनमा जरा गाडेको छ भनी सुनिश्चित गर्न हामी के गर्न सक्छौं? *[यो प्रश्न र उत्तर विशेष गरी तपाईं र तपाईंको चेलामा निर्भर गर्दछ, र यसको कुनै सही उत्तर हुँदैन; यसको उद्देश्य उनीहरूले गर्न सक्ने केही व्यावहारिक कुराहरूको रूपरेखा बनाउनु हो। यदि तपाईं अड्किनुभएको छ भने, केही उदाहरणहरू यस प्रकार हुनेछन्: धेरै पदहरू कण्ठ गर्ने; हप्तामा एक पटक वचनको आधारमा चित्रहरू बनाउन प्रयास गर्ने (तिनीहरूलाई मन पर्ने पद, जुन तिनीहरूले त्यसपछि चित्र कोर्छन् वा रचनात्मक केही लेख्छन्); वा बाइबल धेरै पढ्ने। उचित समय सीमा तोक्ने कोसिस गर्नुहोस् (उदाहरणका लागि, हरेक दिन बाइबलको एक अध्याय पढ्ने, वा हप्तामा दुई वा तीन पदहरू कण्ठ गर्ने - केही सरल र गर्न सकिने कुराहरू)]*




**मुख्य बाइबल पदः**

प्रायः कुनै पदमा एउटा पद हुन्छ जसले खण्डको केन्द्रीय सन्देशलाई संक्षेपमा प्रस्तुत गर्न सक्छ। त्यसलाई हामी मुख्य पद भन्छौं। यी पदहरू कण्ठ गर्न राम्रो हुन्छन् किनभने तिनीहरूले हामीलाई बाइबलका महत्त्वपूर्ण पाठहरू सम्झन, प्रोत्साहन दिन वा अरूसँग हाम्रो विश्वासको बारेमा साझा गर्न उपयोगी हुन सक्छन्। आजको मुख्य पद बाइबलको सबैभन्दा महत्त्वपूर्ण पदहरूमध्ये एक हो। यो कण्ठ गर्न लायक छ!

"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई र धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ।" - 2 तिमोथी 3:16

*[पद कण्ठ गर्न सहायता गर्नका लागि यो पद कागजको टुक्रामा लेख्नुहोस्, तर ती भर्नका लागि खाली ठाउँहरू छाड्नुहोस्। पदलाई धेरै पटक दोहोऱ्याएपछि, चेलाहरूलाई पद नहेरी भर्न दिनुहोस्। उदाहरणका लागि: " सम्पूर्ण _________ ___ बाट भएको हो र यो _________, _______, ___________ र _________ मा तालीम दिनलाई लाभदायक हुन्छ।"*

*कि त यो पहिले नै तयार गर्नुहोस् वा क्लासमा गर्नका लागि कागजको टुक्रा लिनुहोस्]*

*[पद कण्ठ गर्न सहायता गर्नका लागि दोहोऱ्याउने प्रक्रिया प्रयोग गर्नेबारे एउटा सुझाव: तुरुन्तै त्यो पद सुरुदेखि अन्त्यसम्म भन्ने कोसिस नगर्नुहोस्। चेलालाई केही पटक त्यो ठूलो स्वरमा पढ्न लाउनुहोस्, र त्यसपछि सम्पूर्ण कुरा एकसाथ नराखेसम्म पदलाई भाग-भाग गरी दोहोऱ्याउन सुरु गर्नुहोस्। उदाहरणका लागि, "सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई र धार्मिकतामा तालीम दिनलाई" कण्ठ गर्न अघि "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र लाभदायक हुन्छ" दोहोऱ्याउने काम गर्नुहोस्। छोटो भागहरूका लागि, तपाईं "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो," "र सिकाउनलाई, अर्ती दिनलाई," "सच्याउनली, र धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ" भन्ने कोसिस गर्न सक्नुहुन्छ। ती भाग-भागहरू याद गरेपछि, पूरा पद धेरै पटक दोहोऱ्याएर भन्नुहोस्। समग्रमा, प्रयोग गर्न र के राम्रो काम गर्छ भनेर पत्ता लगाउन*

*नडराउनुहोस्। यो पनि याद गर्नुहोस् कि तपाईंले पद दोहोऱ्याएपछि यहाँ माथि उल्लेख गरिएको कार्य छ, जसले कण्ठ गरिएको पद स्मरण गर्न सहायता गर्दछ।]*

## निष्कर्षः

यस पाठका मुख्य प्रश्नहरू थिए: हामीसँग बाइबल किन र कसरी छ? हामीसँग बाइबल हुनुको कारण वा उद्देश्य के हो? आजको खण्ड पढेपछि र अध्ययन गरेपछि, हामी भन्न सक्छौं कि हामीसँग परमेश्वरले मानव लेखकहरूलाई प्रेरणा दिएर लेखाउनुभएको उहाँका वचनहरू, पवित्र-शास्त्र छ, र हामी यसमा भरोसा गर्न सक्छौं, किनकि हामी परमेश्वरमा भरोसा गर्छौं। हामी ख्रीष्टका अनुयायीहरूको रूपमा बढ्न सकौं, सत्य सिकेर र झुटो कुरा छुट्ट्याउन सकौं, र हाम्रा विश्वासलाई हाम्रो व्यवहारमा लागू गर्दै सही कुरा गर्न सकौं, र गलत कुराबाट बच्न सकौं भनेर हामीसँग बाइबल छ।

## साप्ताहिक चुनौतीहरूः

*[यो भाग चेलाले हप्ताभरि आफैले गर्ने कोसिस गरून् भनी राखिएको हो]*

- मुख्य पद कण्ठ गर्नुहोस्। *[हरेक पटक भेट्दा, चेलालाई अघिल्लो पाठको मुख्य पद भन्न लाउनुहोस्। चेलापनको यस अवधिमा, हामी धेरै पदहरू सिक्नेछौं र कण्ठ गर्नेछौं, जसले तपाईंलाई परमेश्वरको पुरुष वा महिला बन्न, हरेक असल कामका लागि सुसज्जित हुन सहायता गर्नेछ!]* ✓ अर्को पाठ पढ्नुहोस्।

- आउने हप्ताका लागि पदहरू पढ्नुहोस् (यशैया 42:1-9 र यशैया 44:13-20)। यदि तपाईं पदहरूको पूर्ण सन्दर्भ प्राप्त गर्न चाहनुहुन्छ भने, पूरा अध्यायहरू पढ्न नहिचकिचाउनुहोस् (यशैया 42 र 44); तर यो पढनैपर्छ भन्ने छैन।

- सन्दर्भहरू सजिलैसँग खोज्ने अभ्यास गर्नुहोस्। यी पदहरू कोसिस गर्नुहोस्: भजन 119:11। हितोपदेश 1:5-8, यूहन्ना 1:1,14। जब तपाईंले पदहरू भेट्टाउनुहुन्छ, ती एउटा नोटबुकमा लेख्नुहोस्। (चेलापन प्रक्रियाका लागि एउटा नोटबुक राख्नु राम्रो विचार हुनेछ, जसमा तपाईं प्रभुले देखाउनुहुने महत्त्वपूर्ण कुराहरू लेख्न सक्नुहुन्छ!)

*[छ्यासमिसे अक्षरहरू मिलाउने खेलका उत्तरहरू:* बाइबल / वचन / धर्मशास्त्र / व्यवस्था / करार) (अतिरिक्त शब्दहरू: प्रेरित / परमेश्वरको सास / लाभदायक / सन्दर्भ)

पाठ 3

# परमेश्वरको उद्देश्य – हाम्रो मुक्ति

**बाइबल पाठः** यशैया 42:1-9, यशैया 44:13-20

**मुख्य पदः** यशैया 42:6ग

"तिमीलाई नै म जाति-जातिका निम्ति करार र अन्यजातिहरूका निम्ति ज्योति बनाउनेछु।"

**समीक्षा:** *[चेला बनाउने व्यक्ति, पाठहरू याद राख्नका निम्ति समीक्षा गर्नु हत्त्वपूर्ण भए तापनि, यो खण्डलाई धेरै लामो समयसम्म नराख्नुहोस्; याद गर्नुहोस्, पाठको बाँकी भाग अझै पनि प्राप्त गर्न बाँकी छ!]*

योभन्दा अघिको पाठमा, हामीले बाइबल कसरी काम गर्छ र ख्रीष्टियनहरूको रूपमा हाम्रो जीवनमा यो कसरी लागू हुन्छ भन्ने बारेमा सिक्यौं। के तपाईं बाइबल प्रयोग गर्न सकिने तरिकाहरूमध्ये कुनै एउटा तरिका लेख्न सक्नुहुन्छ? बाइबलका दुई मुख्य भागहरू के-के हुन्? *[चेला बनाउने व्यक्ति: उनीहरूलाई सोध्न पर्ने थप प्रश्नहरू: के तपाईंहरूलाई बितेको हप्ताको बाइबल पद याद छ? (तिनीहरूलाई त्यो भन्न लाउनुहोस्)। के तपाईंले गृहकार्य गर्नुभयो? (सन्दर्भका लागि, गृहकार्य थियो: मुख्य पद कण्ठ गर्ने, यो पाठ र यस पाठका लागि भागहरू पढ्ने, र सन्दर्भहरू कसरी भेट्टाउने भनी अभ्यास गर्ने - भजन 119:11, हितोपदेश 1:5-8, र यूहन्ना 1:1, 14) के तपाईंसँग गृहकार्यबाट वा यसको बारेमा कुनै विचार वा प्रश्नहरू छन्, जुन तपाईं सोध्न चाहनुहुन्छ?]*

**परिचय** *[चेला बनाउने व्यक्ति, अगाडि बढ्न अघि आफ्नो चेलासँग मिलेर पाठका लागि प्रार्थना गर्नुहोस्।]*

सर्वप्रथम, यशैया एक अगमवक्ता थिए। पुरानो करारमा, अगमवक्ताहरू त्यस्ता व्यक्तिहरू हुन्छे जसलाई सृष्टिका परमेश्वरले संसारलाई आफ्नो आवाज बन्न, आफ्ना मानिसहरूलाई

आफ्ना सन्देशहरू सुनाउनका लागि अलग गर्नुभएको हुन्थ्यो। यशैयाद्वारा, परमेश्वरले परिवर्तन आउँदैछ भनेर घोषणा गर्नुभयो, र पुरानो करारबाट नयाँ करारमा सर्नका लागि मानिसहरूलाई तयार पार्न थाल्नुभयो। उहाँले इस्राएललाई तिनीहरू र परमेश्वर बीचको करार कसरी परिवर्तन हुनेछ भनी बताउनुभयो, र विश्वासयोग्य मानिसहरूलाई येशू आउनुहुँदा उहाँलाई चिन्न तयार पार्नुभयो। यशैयाद्वारा, परमेश्वरले विनाश र निराशाको बीचमा आशा र नवीकरणको सन्देश प्रस्तुत गर्नुभयो। तिनीद्वारा पनि, हामी इतिहासभरि परमेश्वरको उद्देश्य र उहाँले संसारलाई बचाउने योजना बनाउनुभएको प्रेमको बारेमा अझ अरू जानकारीहरू प्राप्त गर्छौं।]

त्यसैले, सन्दर्भलाई राम्ररी बुझिसकेपछि, *दास भनेको को हो?* भन्ने प्रश्नबाट सुरु गर्दै, त्यस खण्डमा नै ध्यान केन्द्रित गर्ने समय आउँछ।

**<u>वचन अध्ययन गर्नु</u>**

*I.* ***दास***

*[चेला: यशैया 42:1-9 पढ्नका लागि आ-आफ्ना बाइबलहरू एकसाथ खोल्नुहोस्]*

बाइबल अध्ययनमा प्रयोग गरिने एउटा महत्त्वपूर्ण औजार परिचय वा निष्कर्ष हो। विशेष गरी, यो पद कुनै खण्डको सुरु (वा अन्त्य) मा हुन्छ, जसले पवित्र-शास्त्रको सन्देश र/वा महत्त्वपूर्ण बुँदाहरूलाई संक्षिप्त रूपमा औंल्याउँदै, त्यो वचनको सारांश बताउँछ। कहिलेकहीं यो मुख्य पद हुन्छ, कहिलेकहीं हुँदैन।

*[चेला बनाउने व्यक्ति: हरेक खण्डको परिचय वा निष्कर्ष हुँदैन। कुनै खण्डलाई राम्रोसँग बुझ्नका लागि तीमध्ये कुनै एउटा वा अर्को उपयोगी हुन सक्छ, तर हामीले कुनै नमिल्दो पदलाई त्यो श्रेणीमा मिलाउने जबरजस्ती गर्नुहुँदैन। साथै, कहिलेकहीं चुनिएको खण्ड पवित्र-शास्त्रको स्वाभाविक सुरुवात र अन्त्यसँग मेल खाँदैन। उदाहरणका लागि, गत हप्ता हामीले 2 तिमोथीका केही पदहरू मात्र हेर्‍यौं। त्यस्तो अवस्थामा परिचय आधा खण्ड हुन्छ। तर यदि हामीले सम्पूर्ण अध्याय, वा पवित्र-शास्त्रका वचनहरूको बारेमा चर्चा गर्ने*

*पूरै खण्डको हेरेका भए, त्यहाँ त्यस्तो एक वा अर्को हुन सक्छ। यदि तपाईंलाई विद्यार्थीहरूलाई यसबाट फाइदा हुन्छ जस्तो लाग्यो भने मात्र यो कुरा गर्नुहोस्।]*

यशैया 42:1-9 मा हामी पद 1 मा हाम्रो परिचय पाउँछौं। यो भेट्टाएपछि, हामी के सिक्न सक्छौं?

*[एकसाथ मिलेर यो पद फेरि पढ्नुहोस्, र पाठ अगाडि बढाउन अघि चेलालाई जवाफ दिने र अवलोकन गर्ने मौका दिनुहोस्। केही सम्भावित उत्तरहरू उनीहरूले लेख्न सक्छन्: यो दास त्यस्तो व्यक्ति हो जसलाई परमेश्वरले समर्थन गर्नुहुन्छ, जोसँग उहाँ प्रसन्न हुनुहुन्छ, र जसमा उहाँले आफ्नो आत्मा हालिदिनुभएको छ, त्यो दास परमेश्वरद्वारा चुनिएको थियो।]*

यस परिचयबाट हामी जान्दछौं, कि सन्देश त्यस दासको विषयमा हुनेछ। पहिलो शब्द, *"हेर"*, हाम्रो ध्यान खिच्ने, वचनले भन्न लागेको कुरामा ध्यान देओ भन्ने एउटा तरिका हो। अनि हामीलाई "मेरो दासलाई हेर," परमप्रभुको दास भनिएको छ। त्यसैले, फेरि यो दास को हो र हाम्रो ध्यान किन उहाँतिर लगाउने आह्वान गरिंदैछ?

बाइबलको बृहत् सन्दर्भलाई हेर्दा, यो खण्ड बाइबलका अरू भागहरूमा पनि येशूलाई संकेत गर्न उद्धृत गरिएको छ (उदाहरणका लागि, मत्ती 12:15-21), र अरू ठाउँमा हामी यो भविष्यवाणी येशूको जीवनमा पूरा भएको देख्छौं (उहाँले अन्धोलाई दृष्टि दिनुहुन्छ, परमेश्वरले उहाँमाथि आफ्नो आत्मा राख्नुहुन्छ, आदि)। येशू परमेश्वरको दास हुनुहुन्छ। उहाँ "मसीह", "चुनिएका", आउनेहुने ख्रीष्ट हुनुहुन्छ जसको बारेमा शताब्दियौंदेखि भविष्यवाणी गरिएको थियो। *[चेला बनाउने व्यक्तिले तिनीहरूलाई मत्ती 12:15-21 हेर्न लगाउनुपर्छ- यहाँ गरिएको दाबी प्रमाणित गर्न, तर सन्दर्भहरू कसरी फेला पार्ने भन्ने अभ्यास जारी राख्नका निम्ति पनि। साथै यो पाठभरि यसो गर्ने अरू समयहरू पनि हुनेछन्]*

यो परमप्रभुद्वारा घोषणा गरिएको नयाँ कुरा हो (पद 9)। यो खण्डले मानिसहरूलाई नयाँ करारको सन्देश र येशूको लागि तयार गरिरहेको थियो।



### *II. न्याय*

यशैया 42:1 मा हामीले पाउने अर्को बुँदा यो हो कि त्यस दासमाथि "परमप्रभुका आत्मा उहाँमाथि हुनुहुनेछ।"[1]

परमप्रभुले के भनिरहनुभएको छ सो बुझ्नका लागि केही प्रश्नहरू सोधौं। परमप्रभुको आत्मा ***के*** हो? *[चेलाले पहिले उत्तर पत्ता लगाउन सक्छ कि सक्दैन सो हेर्न दिनुहोस्, र सबै प्रश्नहरूका निम्ति यसै गर्नुहोस्। यदि उनीहरूलाई सहायता वा समर्थन चाहिन्छ भने, उत्तरहरू उपलब्ध गराइनेछ। यहाँ सबैभन्दा सरल उत्तर छ: यो भनेको परमप्रभुको शक्ति र आशिष् र व्यक्तिगत उपस्थिति हो – यसका धेरै ईश्वरशास्त्रीय उत्तरहरू छन्, तर ती पछि सिकिनेछ।]* दासमाथि परमप्रभुका आत्मा हुनुहुन्छ भन्नुको अर्थ ***के*** हो? *[ती दासले परमेश्वरका लागि काम गरिरहेको छ, र उहाँको शक्ति र उहाँको स्वीकृतिमा त्यसो गरिरहेको छ।]*दास ***किन*** आएको छ? (वा, उसको उद्देश्य ***के*** हो?) *[उहाँ जाति-जातिहरूको इन्साफ गर्न आउनुहुन्छ।]*

त्यहाँबाट, हामी दासको उद्देश्यलाई केही गहिरिएर हेरौं। "न्याय" शब्द 4 वटा पदमा ३ पटक दोहोरिएको छ (यशैया 42:1-4), र तीनै पटक यो शब्द ती दासले गरिरहेको कामको सम्बन्धमा प्रयोग गरिएको छ। तर परमेश्वरले यो न्याय ***कसरी*** ल्याउने योजना बनाउनुभएको छ? *[शान्त रूपमा, तर सबैतिर न्याय स्थापित नहुञ्जेल दृढताका साथ (पद 4)। यसमा दासले विरोधको सामना गर्नेछ, तर परमप्रभुको शक्तिमा अटल रहनेछ]*। यहाँ न्यायको अर्थ ***के*** हो? *[यसको उत्तर नै हाम्रो अर्को भागको विषय हुनेछ, त्यसैले एक पटक विद्यार्थीलाई जवाफ दिने मौका दिएपछि तपाईं अगाडि बढ्न सक्नुहुन्छ।]* उत्तरहरू खोज्दा, हामी ती दासले के गर्छ र उहाँले स्थापना गर्ने प्रतिज्ञा गर्नुभएको राज्यको प्रकारबाट न्याय के हो भनी थाहा पाउँछौं। हामी यशैया 42:67 मा यसको परिणाम देख्छौं, उहाँले अन्धालाई दृष्टि, कैदीहरूलाई छुटकारा दिनुहुनेछ, र अन्धकारमा बसेकाहरूलाई उज्यालोमा ल्याउनुहुनेछ।

[1] बाइबलमा, जब हामी Lord ("L" ठूलो अक्षरमा लेखिएको) वा कहिलेकहीं LORD (पूरै शब्द ठूलो अक्षरमा लेखिएको) वाक्यांश देख्छौं, यसले सृष्टिकर्ता परमेश्वरलाई संकेत गर्दछ। यसले *एक जना* मालिक/हाकिमको बारेमा कुरा गरेको होइन, यसले सारा पृथ्वीका परमप्रभु, सर्वोच्च परमेश्वरको बारेमा कुरा गरेको हो।

न्यायको यो धारणा केवल गलत कामलाई दण्ड दिने भन्दा बढी, न्यायपूर्ण संसार वा राज्यमा जिउने प्रतिज्ञामा आधारित छ। न्यायपूर्ण समाज दया र शान्तिले भरिपूर्ण हुन्छ, जहाँ मानिसहरू क्रूरताको सट्टा दयाको अपेक्षा गर्दै सम्मान र अनुग्रहमा जिउन सक्छन्। पद 1-4 मा बताइएको न्यायको विचार, संसारभरि स्थापित हुने न्याय हो, पद 5-9 को दयापूर्ण कार्यहरूलाई सक्षम र समर्थन गर्ने दर्शन हो।

त्यसो भए, न्याय भनेको ***के*** हो? यो थिचोमिचोमा परेकाहरूलाई मुक्त गर्नु हो, यो दण्डमा परेकाहरूका लागि बचाउने अनुग्रह हो, यो ती व्यक्तिहरूको लागि आशा हो जसले यस जीवनमा अन्धकार मात्र अनुभव गरेका छन्। ईश्वरीय न्यायले सम्पूर्ण मानव जातिका लागि जीवन, सम्मान र सद्गुण पुनर्स्थापना गर्न खोज्दछ।

के त्यो कुरा त्यस दासका लागि एउटा महान् उद्देश्य होइन र? यसबाहेक, त्यो दास परमेश्वरको चुनिएको जन हुनुले हामीलाई परमेश्वरले कुन कुरालाई महत्त्वपूर्ण ठान्नुहुन्छ भनी देखाउँछ - न्याय, कृपा, प्रेम, दया। यसबाहेक, यी सबै कुराले हामीले पहिलो पाठमा, प्रेरित 17:31 मा सिकेका कुरा दोहोर्‍याउँछ, जहाँ येशूलाई संसारको न्याय गर्न परमेश्वरद्वारा नियुक्त गरिएको व्यक्तिको रूपमा वर्णन गरिएको छ, र जसले धार्मिकतामा न्याय गर्नुहुनेछ।

## *III. सृष्टिका परमेश्वर*

अब हामी सृष्टिका परमेश्वरको बारेमा यी सबै कुराले हामीलाई के देखाउँछ भनेर नजिकबाट हेर्नका लागि परिचयमा भनिएका कुराहरूबाट टाढा जानेछौं।

यो सम्पूर्ण खण्डभरि परमेश्वर प्रत्यक्ष रूपमा संलग्न हुनुहुन्छ - परमप्रभुले तीन पटक हामीलाई  उहाँ बोल्दैहुनुहुन्छ, उहाँ काम गर्दैहुनुहुन्छ (पद 42:5, 6 र 8)भनी भन्नुहुन्छ। पद 5 मा, परमेश्वर उहाँ को हुनुहुन्छ भनी स्पष्ट बताउँदै बोल्नुहुन्छ। पद 6 मा, उहाँले दासलाई बोलाउनुहुन्छ, उसको हात समातेर करार गर्नुहुन्छ, र संसारलाई प्रकाश दिनुहुन्छ (दुवै कुरा त्यस दासद्वारा दिनुहुन्छ)। पद 8 मा, उहाँ भन्नुहुन्छ, उहाँ नयाँ कुराहरू घोषणा गर्दैहुनुहुन्छ, र ती कुराहरू हुनुभन्दा अघि नै त्यो घोषणा गर्नुहुन्छ।

### क. एक मात्र परमेश्वर

तर हामी यो पनि जान्न चाहन्छौं कि ***यो कुन परमेश्वर हो?*** के त्यहाँ धेरै देवताहरू छैनन् र? पद 5 मा, परमेश्वरले भन्नुहुन्छ, कि उहाँ, *"परमप्रभु परमेश्वर हुनुहुन्छ, जसले आकाश सृष्टि गरेर त्यो फैलाउनुहुन्छ र पृथ्वी र त्यसबाट उत्पन्न हुने सबैलाई फैलाउनुहुन्छ, र त्यसमा भएका मानिसहरूलाई सास र त्यसमा हिंड्डुल गर्नेहरूलाई आत्मा दिनुहुन्छ।"* उहाँ सृष्टि गर्ने परमेश्वर हुनुहुन्छ र जो कहिल्यै सृष्टि गरिइनुभएको थिएन। यो बाइबलका परमेश्वर उहाँ नै हुनुहुन्छ, ख्रीष्टियन विश्वासका परमेश्वर ... सबैभन्दा माथि विराजमान् हुनुहुने परमेश्वर हुनुहुन्छ।

यसबाहेक, यशैया 44:6 मा उहाँ भन्नुहुन्छ, *"पहिलो र पछिल्लो म नै हुँ। मबाहेक अरू परमेश्वर छैन।"*

यसको अर्थ ***के*** हो? हामी यसलाई कसरी बुझ्न सक्छौं? हामी होसियार रहौं। हामी सृष्टिकर्ता परमेश्वरलाई पनि सुनौं, जसको ज्ञानलाई हामी बुझ्न सक्दैनौं, जो सबै कुराहरू बनाउने व्यक्तिको रूपमा बोल्ने अधिकार छ। त्यहाँ आत्मिक प्राणीहरू छन्। तर परमेश्वरको श्रेणीमा, उहाँ एक मात्र हुनुहुन्छ। अरू आत्मिक प्राणीहरू छन्, केही अति शैतानिक, केही अति स्वर्गदूतरूपी, तर त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ। *परमेश्वर हुनुको अर्थ उहाँ सृष्टि गरिनुभएको होइन।* सृष्टि गरिएका सबै थोकहरू परमेश्वर होइनन्। उहाँले भिन्नता राख्नुहुन्छ। हिन्दू धर्ममा धेरै देवी-देवताहरू छन्। तर तिनीहरूका आफ्नै कथाहरूले तिनीहरू कसरी सृष्टि भए वा जन्मिए भनेर बताउँछन्, त्यसैले तिनीहरूको सुरुवात थियो। तर ग्रीक संस्कृतिमा जस्तै, त्यहाँ एक परमेश्वर हुनुहुन्छ जसले सबै थोकहरू सृष्टि गर्नुभयो, जसबाट सबै थोकहरू हुन आए। हिन्दू धर्ममा पनि आत्मिक प्राणीहरूको धेरै श्रेणी वा तहहरू छन्, देवताहरू र अर्ध-देवताहरूदेखि मानिस र पशुहरूसम्म छन्। बौद्ध धर्ममा एक महान् धार्मिक गुरु छन्, तर उनी पनि सृष्टि गरिएका थिए। सृष्टिका परमेश्वरले भन्नुहुन्छ, कि केवल एक परमेश्वर हुनुहुन्छ। यी उहाँका शब्दहरू हुन्। उहाँसँग तिनीहरूलाई परिभाषित गर्ने अधिकार छ। सबै थोक सृष्टि गर्नुहुने परमेश्वरले यो भिन्नता देखाउन सक्नुहुन्छ।

### ख. सुन, चाँदी र ढुंगाका देवी-देवताहरू

हामी यो पनि ध्यान दिऔं कि सृष्टिका परमेश्वरले पद 8 मा भन्नुहुन्छ, *"मेरो महिमा म अरूलाई दिनेछैनँ, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछैनँ।"* यसको अर्थ ***के*** हो? सत्य यो हो कि उहाँ नै परमेश्वर हुनुहुन्छ जसले हामीलगायत सबै थोकहरू सृष्टि गर्नुभयो। पद 8 मा उहाँ भन्नुहुन्छ, कि उहाँको महिमा अरूलाई, मूर्तिहरू वा आकृतिहरूलाई दिनु ठीक होइन।

***किन*** त्यस्तो हो? हामी पहिलो पाठमा परमप्रभुको वचनले आराधनाको सम्बन्धमा भनेको कुरा सम्झौं - परमेश्वरलाई हाम्रो खानेकुरा, हाम्रो सेवाको आवश्यकता छैन, न त उहाँ हाम्रा मन्दिरहरूमा बस्नुहुन्छ। यो राम्रो विचार होइन, सृष्टिका परमेश्वरले पनि यस्तो चाहनुहुन्न।

यदि सृष्टिका परमेश्वरले खानेकुरा वा फलफूल वा मन्दिरमा उहाँको सेवा गरेको चाहनुहुन्न भने, उहाँ ***के*** चाहनुहुन्छ त? उहाँ हामीले उहाँलाई प्रार्थना, उहाँको वचनमा, बाइबलमा उहाँलाई खोजौं, अरू तरिकाले उहाँको सेवा गरौं भन्ने चाहनुहुन्छ।

### ग. भविष्यका परमेश्वर

यस खण्डमा हामी सृष्टिका परमेश्वरको अर्को महत्त्वपूर्ण गुण देख्छौं। पद 9 मा परमप्रभु घोषणा गर्नुहुन्छ, *"हेर, पहिलेका कुराहरू भइसके, र नयाँ कुराहरू म बताउँछु। ती हुनुभन्दा अघि नै म तिनका विषयमा तिमीहरूलाई प्रकाशित गर्नेछु।"*

एक मात्र साँचो परमेश्वर, सृष्टिका परमेश्वरले भविष्य जान्नुहुन्छ। उहाँले यशैया 44:7 मा झुटा देवताहरूलाई चुनौती दिनुहुन्छ, "तिनीहरूले आउन लागेका कुराहरू र के हुनेछ भनेर घोषणा गरून्।" अनि उहाँले जवाफ दिनुहुन्छ, *"के मैले तिमीहरूलाई धेरै अघि नै घोषणा गरेर यो देखाएको होइनँ र (आउन लागेका मसीह, येशूको बारेमा)? तिमीहरू मेरा साक्षी हौ! के म बाहेक अरू परमेश्वर छ र?"*

यशैयाको पुस्तकमा धेरै ठाउँमा परमप्रभुले अगमवक्ताद्वारा आउन लाग्नुभएका गरेको मसीहको बारेमा बताउनुहुन्छ। केही ठाउँहरूमा येशूको जीवन र सेवकाईमा के हुनेछ भनेर यति विस्तृत रूपमा बताइएको छ कि त्यसमा कुनै शंका छैन। जो ख्रीष्टियन थिएनन्, जसले परमेश्वरमा विश्वास गर्दैनथे, तिनीहरूका लागि एउटै निष्कर्ष थियो - यशैयाको पुस्तक येशूको मृत्युपछि लेखिएको हुनुपर्छ, किनकि यसमा वर्णन गरिएका कुराहरू धेरै सठीक र स्पष्ट छन्।

यी अख्रीष्टियन इतिहासकारहरू र पुरातत्वविद्हरूले यशैयाको पुस्तक येशूको मृत्युपछि लेखिएको थियो र यो येशूको समय अगाडि लेखिएको हो भनी गलत रूपमा प्रस्तुत गरियो भनी खुलेआम घोषणा गरे। तिनीहरूले भने, यशैयाको पुस्तक येशूको जीवन कालपछि नै लेखिएको हुनुपर्छ। तिनीहरूले साहसपूर्वक भने, "किनभने यदि यो पहिले लेखिएको भए, यो एक चमत्कार हुनेथियो, र हामी चमत्कारहरूमा विश्वास गर्दैनौं।"



परमप्रभुको इन्साफ र समयमा, यस्ता भनाइहरूको लगत्तैपछि, सन् 1946 मा, यशैयाको पुस्तक (र बाइबलका अरू भागहरू)को एकप्रति इस्राएलको एउटा गुफामा फेला पऱ्यो, जुन येशूको जन्मभन्दा सय वर्ष अघि लेखिएका थिए भन्ने टुंगो लाग्यो। इतिहासकारको आफ्नै भनाइअनुसार, यसको अर्थ एउटा चमत्कार प्रमाणित भएको थियो। सत्य परमेश्वरले हामीलाई के हुनेछ भनेर बताउन सक्नुहुन्छ। साँचो परमेश्वर सबै कुराका सृष्टिकर्ता हुनुहुन्छ। साँचो परमेश्वर टाढा हुनुहुन्न, उहाँले हामीलाई बाटो देखाउनका लागि आफ्नो वचन दिनुभयो र उहाँले आफ्नो दासलाई बाटो बन्न पठाउनुभयो। नयाँ करारको सन्देश यही हो। चेलापनका अरू पाठहरूमा हामी उहाँको आराधना कसरी गर्ने र उहाँका लागि कसरी जिउने भन्ने विषयमा अरू कुराहरू सिक्नेछौं।


## निष्कर्ष

त्यसैले संक्षेपमा भन्नुपर्दा, आज हामीले अगमवक्ता यशैया, परमप्रभुको दास र उहाँको उद्देश्य, यसले हामीलाई कसरी परमेश्वर प्रकट गर्छ, र त्यो प्रकाशले हामीलाई उहाँको चरित्रको बारेमा के देखाउँछ भन्ने कुरा सिक्यौं।

सृष्टिका परमेश्वरले आफ्नो वचनद्वारा आफूलाई प्रकट गर्दै हामीलाई शिक्षा दिंदैहुनुहुन्छ। उहाँले हामीलाई बाटो देखाउनका लागि आफ्नो वचन दिनुभयो - र उहाँले आफ्नो दासलाई त्यो बाटो बन्न पठाउनुभयो। उहाँ न्याय र दया चाहनुहुन्छ, र उहाँसँग त्यो स्थापित गर्ने शक्ति छ, उहाँले भविष्य जान्नुहुन्छ र त्यसका निम्ति काम गर्नुहुन्छ। परमप्रभु हामीलाई झुट, अर्थहीन आराधना र लक्ष्यहीन जीवन जिवाइबाट मुक्त गर्न चाहनुहुन्छ, बरु उहाँले हामीलाई उहाँको सत्यता, उहाँको आउने राज्य र उहाँको उद्देश्यमा सहभागी हुन बोलाउनुहुन्छ। हामी उहाँलाई खोज्न जारी राखौं!

**गर्नुपर्ने कार्य**: रचनात्मक मुख्य पद ("वचनअनुसारको चित्र बनाउनु" पनि भनिन्छ)

[चेला बनाउने व्यक्ति, यो कार्य मुख्य पद सिक्ने/कण्ठ गर्नुसँग पनि जोडिएको छ। त्यसैले, यसमा पहिलो चरण भनेको उनीहरूले ध्यान केन्द्रित गर्नुपर्ने भाग औंल्याउँदै सम्पूर्ण पद धेरै पटक ठूलो सोरमा पढ्नु हो। त्यसपछि, उनीहरूलाई मुख्य पद (यशैया 42:6ग) "रचनात्मक" रूपमा लेख्ने तरिका पत्ता लगाउन सहायता गर्नुहोस्। हुन सक्छ, उनीहरूले त्यस पदले उनीहरूलाई सम्झाएको कुनै कुराको चित्र कोर्न सक्छन्, वा हुन सक्छ, उनीहरूले वचनहरूलाई कुनै प्रकारको ढाँचामा लेख्न सक्छन्, वा विभिन्न प्रकारका अक्षरहरूमा विभिन्न खण्डहरू/शब्दहरू लेख्न सक्छन्, वा यसलाई सरल रूपमा लेख्न सक्छन् र फ्रेममा राख्नलाई पदको वरिपरि सजावटहरू बनाउन सक्छन्। दायाँतिर दिइएको सहित यो पुस्तकमा अरू पनि धेरै उदाहरणहरू छन्। प्रयोग गर्न वा केही फरक कुराहरू दोहोऱ्याएर भन्न संकोच नमान्नुहोस्। तपाईं यो कार्य उनीहरू सँगसँगै गर्न सक्नुहुन्छ, वा पहिले नै तयार पारिएका ल्याउन सक्नुहुन्छ, वा दुवै कुरा गर्न सक्नुहुन्छ।



*तपाईंहरू दुवैले कम्तिमा एउटा रचनात्मक मुख्य पदमा काम गरिसकेपछि, पद कण्ठ गर्ने प्रक्रिया पूरा गर्नतिर लाग्नुहोस्। त्यो पद केही पटक ठूलो सोरमा भनेर त्यो लेखिसकेपछि, तपाईंहरू दुवै त्योसँग परिचित हुनुपर्छ।*

*पदलाई भाग-भागमा बाँड्नुहोस् र निर्देशनका लागि त्यो खण्ड अंश नहेरी तपाईंहरू दुवैले त्यो सही रूपमा भन्न नसकुञ्जेल दोहोऱ्याउने काम गर्नुहोस्।]*

**अर्को हप्ताः**

- ✓ अर्को हप्ताका लागि बाइबलको खण्ड पढ्नुहोस् (यशैया 44:13-20), समझ पाउनका लागि प्रार्थना गर्नुहोस्, र त्यो अध्ययन गर्न केही समय बिताउनुहोस्। हामी आराधनाको विषयलाई परमेश्वर र अरू देवी-देवताहरूसँग सम्बन्धित भएकोले थप जाँच गर्नेछौं। *[चेला बनाउने व्यक्ति - यो सेवालाई फरक वा विशेष बनाउनुहोस्, र हुन सके तपाईंको चेला(हरू) लाई चिया वा कफी पिउन आफ्नो घरमा बोलाउनुहोस्, वा नत्र यसलाई संगति गर्ने आरामदायी समय बनाउनुहोस्]*

- ✓ यस पाठको मुख्य बाइबल पद, यशैया 42:66ग, कण्ठ गर्नुहोस्। अरू रचनात्मक मुख्य पदहरू पनि लेख्न/चित्र कोर्न कोसिस गर्न पनि सल्लाह दिइन्छ। सायद आउने पाठको कुनै पद प्रयोग गर्नुहोस्।

- ✓ कुनै प्रश्न वा चिन्ता छ भने, तपाईंलाई गाह्रो परिरहेको कुरा प्रार्थनामा प्रभुकहाँ ल्याउनुहोस्, र पूरा आत्मविश्वास र भरोसाको साथ प्रार्थना गर्ने कोसिस गर्नुहोस् – हामी जान्दछौं, परमेश्वरले हाम्रो धेरै वास्ता गर्नुहुन्छ, र उहाँ अत्यन्त शक्तिशाली हुनुहुन्छ, तर यदि तपाईंले यसो गर्ने बानी गर्नुभएको छैन भने यो डर लाग्ने कुरा पनि हुन सक्छ! त्यसपछि, त्यो दिन तपाईंलाई भएको कुनै सानो कुरा उहाँलाई भन्नुहोस्। त्यो उहाँलाई पहिले नै थाहा छ, तर यो परमेश्वरसँग कुरा गर्न सिक्ने एउटा महत्त्वपूर्ण भाग हुन सक्छ - र यसबाहेक, उहाँलाई ससाना कुरा पनि हामीबाट सुन्न मन पर्छ। उहाँले गर्नुभएको कामका लागि उहाँलाई धन्यवाद दिन र उहाँ जो हुनुहुन्छ त्यसका निम्ति उहाँको प्रशंसा गर्न केही समय बिताउने कोसिस गर्नुहोस्।

*[मुख्य पदको अन्तिम पटक दोहोऱ्याएर प्रार्थनासहित समाप्त गर्नुहोस्]*

*[नोट: यो पाठ देवी-देवता र मूर्तिहरूको वास्तविक पूजाआजसँग सम्बन्धित संस्कृतिहरूतिर केन्द्रित छ, तर यसको व्यापक प्रयोग पनि हुनुपर्छ। चेला बनाउने व्यक्तिले छलफललाई मार्गदर्शन गर्दा आफ्नो चेलाको खाँचोअनुसार पाठलाई कसरी उचित रूपमा मिल्दोजुल्दो बनाउने, र यो चिन्ताको विषय हो कि होइन भनेर विचार गर्न पहिले नै केही समय बिताउनुहोस्। यस विषयमा  अरू सुझावहरू र निर्देशनहरू दिइनेछन्।]*

## पाठ 4 –गर्नुपर्ने कार्य

# छलफलः मूर्तिहरू किन हुँदैन?

**बाइबल पाठः** यशैया 44:13-20

**मुख्य पदः** यशैया 44:17 क

"अनि त्यसको बाँकी भागबाट त्यसले एउटा ईश्वर बनाउँछ, त्यसको मूर्ति। र त्यसको सामुन्ने घोप्टो परेर त्यसलाई पूज्छ।"

**समीक्षाः**

के तपाईंसँग यशैया 44:13-20 को पढाइबाट बताउन चाहनुहुने कुनै प्रश्न वा देख्नुभएका कुराहरू छन्? *[यो सामान्य पाठ नभएकोले, गृहकार्य आदिको बारेमा चिन्ता नगर्नुहोस्। ती अर्को, सामान्य पाठमा पूरा गरिनेछ। यहाँ, उनीहरूले कस्तो गरिरहेका छन् भनेर हेर्न जाँच गर्नुहोस्, र बाँकी छलफलमा जान अघि उनीहरूले उठाउन चाहेको केही कुरा छ कि छैन सो बुझ्नुहोस्]*

**परिचयः**

अघिल्लो पाठमा हामीले यशैया 42:1-9 अध्ययन गऱ्यौं, परमेश्वरको दास, उहाँले स्थापना गर्ने योजना गर्नुभएको राज्य, र यस खण्डले हामीलाई परमेश्वरको चरित्र(घुण)को बारेमा के सिकाउन सक्छ भनी सिक्यौं। यो पाठ ढाँचा र लयमा धेरै सहज छ, यो विशेष गरी छलफल र चिन्तन-मननमा केन्द्रित छ। विचार गर्न र कुराकानी गर्न जति समय लाग्छ त्यति समय लिनुहोस्।

*[चेला बनाउने व्यक्ति, प्रार्थना गरेर कुरा सुरु गर्नुहोस्।]*

*[यो पाठ यसको बहाउ र लक्ष्यमा केही फरक हुनेछ, उदाहरणका लागि, "सही" वा "गलत" उत्तरहरू त्यति ठूलो चिन्ताको विषय होइनन्। बरु, यो तपाईंका लागि आफ्नो*

*चेलासँग यी विषयहरूमा गहिरिएर कुरा गर्ने, यस विषयमा खुलेर कुरा गर्ने मौका हो। पाठ सुरु गर्न अघि, आफ्ना उत्तरहरूको बारेमा सोच्न समय बिताउनुहोस्, ताकि समय आउँदा तपाईं राम्रोसँग तयार हुन सक्नुहोस्। यसले तपाईंको चेलालाई प्रोत्साहित गर्न, प्रश्नहरू कसरी समाधान गर्ने भनेर एक नमुना र/वा उदाहरण दिन सहायता गर्नेछ, र तपाईंका उत्तरहरू सोचविचार गरी दिइएका अनि उपयोगी छन् भनी सुनिश्चित गर्नेछ। तर चेलालाई जवाफ दिन आवश्यक पर्ने जति समय दिनुहोस्, र तपाईंभन्दा पहिले तिनीहरूलाई जवाफ दिन लाउने कोसिस गर्नुहोस् - तीमाथि कुरा गर्न तपाईंको आफ्नो पूर्ण तयारी प्रयोग नगर्नुहोस्।*

*[समयको हिसाबले, तपाईंले पाठलाई दुई (वा बढी) सत्रहरू सिकाउने योजना बनाउन सक्नुहुन्छ, वा तपाईंले आफ्नो चेलाका लागि सबैभन्दा महत्त्वपूर्ण/सान्दर्भिक लाग्ने प्रश्नहरू चुन्न सक्नुहुन्छ। तपाईंले प्रत्येक प्रश्न सोध्नु वा त्यसको उत्तर दिनुपर्दैन; केही प्रश्नहरू लागू नहुन सक्छन्, वा तपाईंसँग समय नहुन पनि सक्छ। तापनि, तपाईंलाई सकेसम्म धेरै प्रश्नहरू गर्दै अगाडि बढन प्रोत्साहित गरिन्छ।*

*[केही प्रश्नहरूका उत्तरहरू त्यहीं राखिएका हुनेछन्, र ती प्रश्नहरूको उद्देश्य गहिराइ थप्नु, कसरी उत्तर दिने भन्ने विकल्पहरू प्रदान गर्नु, वा जानकारी दिनु र मार्गदर्शन गर्नु हो। कुनै-कुनै प्रश्नहरू केवल यी प्रश्नहरूलाई कसरी अर्थपूर्ण बनाउने भन्नेबारे सुझावहरू मात्र हुनेछन्, यदि तपाईंको संस्कृतिमा मूर्ति पूजा व्यापक रूपमा हुँदैन भने पनि - यो तपाईंको चेलाको परिस्थितिमा लागू हुन वा नहुन सक्छ। त्यसैले यसमा समय बिताउन उचित हुन वा नहुन सक्छ। प्रश्नहरूका निम्ति सन्दर्भ वा समयको आधारमा उत्तरहरू चुन्नुहोस्।]*

**छलफलका निम्ति प्रश्नहरूः**

*[अगाडि बढ्न अघि, वचन खोल्नुहोस् र त्यो खण्ड सँगसँगै पढ्नुहोस्]*

**तपाईंको विचारमा, मानिसहरू किन मूर्तिहरूको पछि लाग्छन्?**

*[यदि प्रत्यक्ष रूपमा मूर्ति पूजा नगरिने संस्कृतिमा यसलाई सुहाउँदो बनाउनका निम्ति यो पाठलाई आफ्नो सन्दर्भ अनुसार कसरी बुझाउने भन्ने कुरा सोच्नुहोस्। एक्लै वा आफ्नो चेलासँग बसेर विचार गर्नुहोस्। तपाईंको संस्कृतिमा कस्ता मूर्तिहरू पाइन्छन्? सायद यो काम/जागिर हो, वा पैसा-धन हो, वा परिवार हो, वा आफ्नै वास्ता गर्ने प्रवृत्ति हो। तपाईंले सक्रियतासाथ मूर्ति पूजा गर्ने मानिसहरूलाई चिन्ने वा नचिने पनि, तिनीहरूको धारणा र विचार हरेक देशमा फैलिएको छ। यस विषयमा चेलासँग बसेर छलफल गर्नुहोस्।]*

**आफ्नो अगाडि मूर्ति वा तस्वीर राख्नुको के फाइदा छ?**

*[यसले हाम्रो मनलाई भड्किनबाट रोक्न सक्छ, किनकि हामी आफ्नो भक्तिको पात्र देख्न सक्छौं। सायद यो भौतिक वस्तु भएकोले धेरै वास्तविक लाग्छ। यसलाई सायद नजिक र धेरै व्यक्तिगत भएको महसुस हुन सक्छ। कम वास्तिवक मूर्तिहरू (जस्तै काम, परिवार, आफै, आदि) का लागि, तिनमा ध्यान केन्द्रित गर्न सजिलो हुन सक्छ, किनकि ती कुराको हाम्रो वरपरको संसार र हामीमाथि सजिलै नाप्न सकिने प्रभाव हुन्छ। चाहे जे भए पनि, यो अनुभव गर्न सकिने हुन्छ र हाम्रा लागि त्यसको केही अर्थ हुन्छ, किनकि हामी भौतिक वास्तविकताहरूसँग बाँधिएका छौं।]*


**देवी-देवताहरू वा अरू अलौकिक शक्तिहरूको पूजा गर्दा तपाईंको अनुभव कस्तो थियो? साँच्चि कै वा अलंकारिक मूर्तिहरूको बारेमा कस्तो अनुभव थियो?**

**के तपाईंसँग यी देवी-देवताहरू/शक्तिहरू/मूर्तिहरू तपाईंको उद्धारमा आएको, तपाईंको कुरा सुनेको, तपाईंसँग बोलेको कुनै वास्तविक अनुभव छ? यी मूर्तिहरूले तपाईंको जीवनमा कस्तो प्रभाव पारेको छ?**

*[यशैया 44:8 मा, परमेश्वर उहाँले गर्नुभएका र गर्नुहुने कामका साक्षीहरू भएको दाबी गर्नुहुन्छ! तिनीहरू इस्राएलीहरू हुन्, र तिनीहरूको पछाडि सम्पूर्ण इतिहास छ, जुन उहाँले तिनीहरूलाई कसरी बचाउनुभयो, तिनीहरूको लागि कसरी प्रबन्ध गर्नुभयो र छुटकारा दिनुभयो भन्ने कुरासँग जोडिएको छ। आधुनिक समयमा, उहाँका साक्षीहरू परमेश्वरका अनुयायीहरू हुनेछन्। चेला बनाउने व्यक्ति, तपाईंको जीवनमा पक्कै पनि कुनै क्षण थियो*

*जब तपाईंले परमेश्वरले काम गर्नुभएको देख्नुभयो। तीमध्ये एउटा समयको बारेमा तपाईंको चेलालाई बताउनुहोस्।*

[*परमेश्वरका प्रत्यक्ष साक्षीहरूका विपरीत, उहाँले पद 9 मा भन्नुहुन्छ कि मूर्तिहरूका साक्षीहरूले "न त देख्दछन् न त बुझ्दछन्।" पद 18 मा, परमेश्वर भन्नुहुन्छ कि मूर्तिहरूले तिनीहरूका पूजा गर्नेहरूका आँखा, हृदय र मसझ बन्द गरिदिएका छन्। यो कसरी सत्य हो? छलफल गर्नुहोस्।*]



**यशैया 44:13-20 मा, मूर्ति बनाउने तरिका बताइएको छ। जब तपाईंले त्यो पढ्नुभयो, तपाईंको दिमागमा कस्तो विचार आयो?**

[*पहिले आफैले प्रश्नको बारेमा विचार गर्नुहोस्। तर त्यसपछि, वा यदि यो बुझिएन भने, यहाँ विचार गर्नुपर्ने केही कुरा छ: सिकर्मीले मूर्तिको पूजा गरिरहेको छ - तर त्यो मूर्तिले के गरेको छ? अहिले, त्यसले यति गरेको छ कि त्यो बनेको छ। त्यसलाई बनाउन प्रयोग गरिएका औजारहरू पनि मानिसले बनाएका थिए, वा मानिसहरूको सहयोगद्वारा बनेका थिए। र मानिसहरूले रूखको हेरचाह गरे - तर मानिसहरूले रूखहरूलाई बढाउन सक्दैनन्। सृष्टिकर्ता परमेश्वरले, प्रकृति र रूखहरू बनाउनुभयो र तिनीहरूलाई बढ्न सिकाउनुभयो। जीवित रूख बलियो हुँदा त्यसद्वारा महिमा त्यसका सृष्टिकर्ता परमेश्वरको हुनुपर्छ। त्यसैले, हाम्रो वरपरको संसारबाट मूर्ति बनाउनु पनि परमेश्वरको उदारताबाट चोरी गर्नु हो, यो भनेको त्यस्तो थोकको प्रशंसा गर्नु हो, जुन प्रशंसाको लायक छैन।*]

**यो पदको कुन भाग दृष्टान्तको कुन भागसँग मेल खान्छ? तपाईंलाई यो दृष्टान्तले कसरी पवित्र-शास्त्रका विचारहरूलाई समेटेको जस्तो लाग्छ? के यो तपाईंको आफ्नै अनुभव वा तपाईंले देखेका कुराहरूसँग सम्बन्धित छ?**

[*मूर्तिपूजामा साँच्चै कम सहभागी हुने व्यक्तिहरूका लागि, के तपाईंले यो सिद्धान्त अरू तरिकाले पनि लागू भएको देख्नुभएको छ? के तपाईंले ईश्वरीय प्रबन्धबाट आशिषित*

*भएका मानिसहरू (उदाहरणका लागि, राम्रो स्वास्थ्य) ले यो सब उनीहरूका आफ्नै कडा परिश्रमले गर्दा भएको हो जसले उनीहरूलाई त्यस अवस्थामा ल्यायो भनेको देख्नुभएको छ? वा आफ्नै काममा अति व्यस्त भएकोले वरपरका मानिसहरूप्रति अन्धो भएका मानिसहरू देख्नुभएको छ? छलफल गर्नुहोस्।*]

**तपाईंको विचारमा, परमेश्वरले किन हामीले मूर्ति बनाएर त्यसको पूजा गरौं भन्ने चाहनुभएन?**

[*आफ्नै अनुभव र विचारबाट छलफल गर्न केही समय बिताउनुहोस्, तर यो पनि मनमा राख्नुहोस् कि बाइबलले दिएको यसको स्पष्ट उत्तर पनि छ (यसले प्रशंसा चोर्छ, मूर्तिहरूले बचाउन सक्दैनन्, आदि), जसको विषयमा हामीले विगतका केही पाठहरूमा साथै यो पाठमा पनि चर्चा गरेका छौं।*]

**के तपाईंले कहिल्यै त्यस्तो काम गर्नुभएको छ जुन समयको बर्बादी भयो, सार्थक भएन? त्यसले तपाईंलाई कस्तो अनुभव गरायो? त्यसलाई के भयो/तपाईंले त्यसलाई के गर्नुभयो?**

**यशैया 42:1-9 मा परमेश्वरले के गर्ने प्रतिज्ञा गर्नुभएको छ, र यहाँ मूर्तिहरूले के गर्ने प्रतिज्ञा गरेका छन्? देवी-देवताहरू/मूर्तिहरूले गर्ने प्रतिज्ञाहरू गर्छन्? परमेश्वरले के गर्नुभएको छ? मूर्तिहरू/देवी-देवताहरूले के गरेका छन्?**

[*इतिहासलाई फर्केर हेर्दा हामी जान्दछौं, कि परमेश्वरले सधैं आफ्ना प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ। उहाँले इस्राएलीहरूसँग आफ्नो करार पूरा गर्नुभएको, उहाँले येशूलाई संसारमा ल्याउनुभएको, र उहाँ हाम्रो आफ्नै जीवनमा कसरी विश्वासयोग्य हुनुहुन्छ भन्ने कुरामा यो देख्न सकिन्छ। प्रभु विश्वासयोग्य हुनु भएको समयको बारेमा छलफल गर्न केही समय बिताउनुहोस्।*

*जुन मानिसहरूसँग वास्तविक मूर्ति छैनन्, तिनीहरूका निम्ति संसारले के प्रतिज्ञा गर्दछ? यदि काम/नोकरी मूर्ति हुन सक्छ भने, कामको बदलिमा के दिने वाचा गर्छ? परिवारले प्रेमको बदलामा तपाईंलाई के दिने वाचा गर्छ? के यी प्रतिज्ञाहरू सत्य हुन्?*

*के तपाईंले यो कुरा गलत दिशामा जान सक्ने तरिकाहरू देख्नुभएको छ?]*

**के तपाईंलाई लाग्छ, कि खरानी बुकाउने सम्बन्धी पद (यशैया 44:20) मूर्ति पूजा गर्ने वास्तविकताको सही चित्रण हो? किन हो वा किन होइन?**

**के तपाईंलाई लाग्छ, कि आराधना प्रेम, कृतज्ञता, र/वा आनन्दबाट उत्पन्न हुनुपर्छ? वा सायद यो कर्तव्य, दिनचर्या, र/वा विधिबाट उत्पन्न हुनुपर्छ? किन हुनुपर्छ वा किन हुनुपर्दैन? के तपाईं रीतिविधिहरू आराधना गर्ने एक सहज रूप हो भन्नुहुन्छ? किन भन्नुहुन्छ वा किन भन्नुहुन्न?**

*[यो प्रश्न विचार, अवलोकन र व्यक्तिगत दृष्टिकोणमा बढी आधारित भए पनि, यो याद राख्नुहोस् कि यसमा अति ससाना कुराहरू हुन्छन्! सही रूपमा आराधना गर्न हामीमा प्रेम र कृतज्ञता हुनुपर्छ, तर कहिलेकहीं हामीले भावना वा शंकाहरूसँग संघर्ष गरिरहेका समयमा आफ्नो कर्तव्य र दैनिक कार्यद्वारा हाम्रो आराधना अति राम्रोसँग देखाउन सकिन्छ। तर व्यक्तिगत सम्बन्धबिनै केवल अरूको सारमा पारा मिलाउनुको कुनै अर्थ हुँदैन। यो प्रश्न र यसका उत्तरका विभिन्न पक्ष र तहहरू हुन सक्छन्, त्यसैले तपाईंको भन्दा फरक विचार कसरी विश्वासयोग्य रूपले आराधना गर्ने तरिका अप्नाउने कोसिस गर्नुहोस् र त्यसबारे छलफल गर्नुहोस्। बाइबलले परमेश्वरको आराधना गर्ने विभिन्न तरिकालाई समर्थन गर्दछ, प्रायः ती सही समयमा र व्यवस्थित तरिकाले गरिनुपर्छ भन्ने कुरामा जोड् दिन्छ (आफ्नै तरिकाले आराधना गर्नु अव्यवस्थित हुनु होइन, तर त्यो अलग छलफलको विषय हो)।]*

**यदि तपाईंले हिन्दू धर्मका देवी-देवताहरूका सबै चित्र(आकृति)हरू हेर्नुभयो भने, ती चित्रहरूमा देखिने सामान्य विशेषता के हो?**

*[ती सबैमा मानव वा पशुका विशेषताहरू छन्। प्रायः मूर्तिहरूमा दुवैका विशेषताहरू हुन्छन्। बुद्ध पनि मानिसको स्वरूपमा छन्। ती सधैं हामीले जानेका र देख्न सक्ने थोक/प्राणीका स्वरूपमा छन्।]*

[*यस पाठलाई विभिन्न संस्कृतिहरूमा अनुकूलन गर्नेहरूका लागि, यो सिद्धान्तलाई अन्य क्षेत्रहरूमा लागू गर्ने प्रयास गर्नुहोस्। उदाहरणका लागि, विकासलाई एक प्रकारको धर्मको रूपमा हेर्न सकिन्छ, र यसले हामी परिचित कुराहरू (परिवर्तन र समय) मा पनि खेल्छ, प्रायः अज्ञात (ईश्वर) को विचारसँग व्यवहार गर्न अस्वीकार गर्दछ। वा, यदि काम एक मूर्ति हो भने, त्यो कसरी मानिसको छविमा बनाइन्छ? यदि परिवार एक मूर्ति हो भने, त्यो संसार कस्तो हुनुपर्छ भन्ने हाम्रो आफ्नै विचारहरूमा कसरी जरा गाडिएको छ?]*

**त्यसले हामीलाई के भन्छ?**

[*यी देवताहरू र मूर्तिहरू हाम्रा मानव अनुभवहरूमा सीमित छन्, तिनीहरू सबै हाम्रा पाँच इन्द्रियहरूद्वारा अनुभव गर्न सकिने थोकहरूसँग सम्बन्धित छन्।*]

[सर्वेश्वरवाद वा सबै ईश्वर मान्ने धर्ममा *सबै कुराका लागि एक-एक वटा देवता छन्। यी देवताहरूका कथाहरूले हामीलाई बताउँछन् कि तिनीहरूलाई सन्तुष्ट पार्नु आवश्यक छ। जब धेरै हुन्छन्, र जब तिनीहरू सबैलाई सन्तुष्ट पार्नु आवश्यक हुन्छ, तिनीहरू सबैलाई खुसी राख्न असम्भव हुन्छ। यी देवताहरूका विशेषताहरू क्रोध, घृणा, ईर्ष्या, प्रतिद्वन्द्विता, विनाश र होड्बाजी गर्नु हो।*

वास्तविक देवी-देवताहरू नभए पनि  हाम्रो वरपरको संसारमा यही कुरा नै सत्य हो।



परमेश्वरको बदलीमा ईश्वरको रूपमा स्थापित गरिएको कुनै पनि कुरा - परिवार, काम/नोकरी, आनन्द, हामी आफै, चाहे जे भए पनि – त्यो आखिरमा दमनकारी बन्छ,

जसले हामीलाई त्यो मूर्तिको खातिर सबै कुरा त्याग्न माग गर्दछ। परमेश्वरले हामीसँग आफैलाई अर्पण गर्न माग गर्नुहुन्छ - तर उहाँले त्यसको सट्टा हामीलाई दश गुणा फिर्ता दिनका निम्ति, हामी टाँसिरहने आवश्यकताहरू हामीलाई छुटकारा दिन त्यसो भन्नुहुन्छ। जिउनका लागि हामी मर्नुपर्छ, तर हामी तुच्छ दास बन्नुहुँदैन।]

**के त्यस्तो कुनै ईश्वर छ जसमाथि तपाईं भरोसा गर्न सक्नुहुन्छ? के त्यस्तो कुनै ईश्वर छ जसले तपाईंलाई अरूबाट रक्षा गर्दछ?**

[*चेलालाई उसको जवाफ भन्ने मौका दिनुहोस्। तर चेला बनाउने व्यक्तिको रूपमा तपाईंले ठोस उत्तर दिनुपर्छ। हामीले आराधना गर्ने परमेश्वर एउटै हुनुहुन्छ। परमेश्वरले सबै कुरा जुटाउनुहुन्छ, परमेश्वरले सबैलाई रक्षा गर्नुहुन्छ, परमेश्वरले सबै कुरा देख्नुहुन्छ, परमेश्वरले सबैलाई जान्नुहुन्छ, र सबैभन्दा महत्त्वपूर्ण कुरा, परमेश्वरले प्रेम गर्नुहुन्छ। यी केही कुराहरू हामीले यशैया 42:1-9 को हाम्रो विगत पाठमा थाहा पायौं। हामी जान्दछौं,यस परमेश्वरले उहाँको स्तरको दाबी गर्ने अरूले जस्तो व्यवहार गर्नुहुन्न - उहाँ दृष्टिकोण, शक्ति र उपस्थितिमा श्रेष्ठ हुनुहुन्छ।*

*यहाँ, र पहिले 44 पद मा, उहाँ अरू देवी-देवताहरूलाई चुनौती दिँदैहुनुहुन्छ, उहाँले आफ्नो शक्ति र उहाँले गर्न सक्नुहुने कामहरूको तुलना मूर्तिहरूको शक्ति र कार्यहरूसँग गर्दैहुनुहुन्छ, जुन मूर्तिहरू पूर्ण रूपमा मानिसहरूद्वारा बनाइएका हुन्, र जसलाई अस्तित्वमा रहनका निम्ति मानिसहरूको आवश्यकता पर्छ।*]

अरू कुनै पनि देवताले प्रेम गरेको थाहा छैन। हो, रोमान्स, आदिको देवता छ। तर हामीलाई त्यस्तो कुनै देवता थाहा छैन जसले मानिसहरूलाई यति धेरै प्रेम गर्छ कि तिनीहरूका लागि मर्न सक्छ। कोही भन्छन्, कि यो आशा गर्न सकिन्छ; देवताहरूले जिउन पर्ने आफ्नै जीवन हुन्छ, र हामी पनि त्यस्तै हौं – त्यसैले हामीले उनीहरूबाट ती प्राणीहरूको वास्ता गर्ने आशा किन गर्ने जो उनीहरूको वास्तविकताबाट टाढा छन्? तर सृष्टिकर्ता परमेश्वर फरक हुनुहुन्छ। उहाँले संसार सृष्टि गर्नुभयो, र उहाँले मानिसहरूलाई सृष्टि गर्नुभयो, र उहाँले प्रेमको कारण त्यसो गर्नुभयो। अब जब हामी उहाँले हाम्रा लागि चाहनुभएको आशिषबाट टाढा भएका छौं, उहाँले हामीलाई फिर्ता ल्याउन, हामीलाई नयाँ पूर्णता र

उहाँको राज्यमा नयाँ ठाउँमा ल्याउन, हामीलाई समय र स्थानमा हाम्रो दृष्टिकोणबाट कल्पना गर्न सक्नेभन्दा उच्च वास्तविकताको स्तरमा उठाउन खोज्नुहुन्छ। यशैया 42:6 र 7 ले हामीलाई देखाउँछ कि प्रभु येशू आशिष् दिन, बचाउन, बन्धनबाट मुक्त गर्न, अन्धकारमा जिउनेहरूलाई उज्यालोमा ल्याउन आउनुहुन्छ। मानव जातिप्रतिको उहाँके प्रेमले उहाँलाई यी सब गर्न प्रेरित गर्दछ, जुन मानिसहरू उहाँकै स्वरूपमा बनाइएका उहाँका सन्तानहरू हुन्।

केही मानिसहरू भन्छन्, कि जुन ईश्वरलाई तपाईं देख्न सक्नुहुन्छ र जोसँग शारीरिक रूपमा जोडिन सक्नुहुन्छ (चित्रहरू/मूर्तिहरू, आकृतिहरू, विशेष थानहरू, रीतिविधिहरूद्वारा) तिनीहरूको पूजा गर्नुका फाइदाहरू नदेखिने त्यस सत्य परमेश्वरलाई इन्कार गर्ने जोखिमभन्दा धेरै ठूलो हुन्छ। तपाईं के सोच्नुहुन्छ?

[यदि सृष्टिका परमेश्वरलाई मानिसले बनाएको मूर्तिमा कहिल्यै कैद गर्न सकिंदैन भने तपाईं कसरी उहाँको आराधना गर्नुहुन्छ वा उहाँलाई बुझ्न सक्नुहुन्छ? तपाईं कसरी त्यस्तो परमेश्वरको आराधना गर्नुहुन्छ जो तपाईंमा निर्भर हुनुहुन्न, जसलाई तपाईं खाने कुराहरू वा फलफूलहरू दिएर मनाउन सक्नुहुन्न? यो सोच्दा मनमा चिन्ता हुन सक्छ। यदि हामीले उहाँको प्रेम कमाउँदैनौं भने, हामीसँग त्यो प्रेम छ भनेर कसरी थाहा पाउने? हामीले उहाँमाथि भरोसा गर्नुपर्छ, र तब हामीलाई प्यारासुटबिना चट्टानको टुप्पाबाट पाइला चालेको जस्तो अनुभव हुन सक्छ।]

**तपाईंलाई कुन अनुभवले परमेश्वरतिर खिच्यो? तपाईं किन उहाँको बारेमा अझ बढी जान्न खोज्दैहुनुहुन्छ?**

[चेला बनाउने व्यक्ति, ख्रीष्टलाई पछयाउने समयबाट केही समय निकालेर आफ्नो चेलालाई प्रोत्साहित गर्नुहोस्। तपाईं किन उहाँलाई पछयाइ रहनुहुन्छ? तपाईंले किन उहाँको सेवा गर्ने निर्णय गर्नुभयो? यो तपाईंले पहिले बताउनुभएको कथाबाट अझै बढाउँदै लगेको कुरा हुन सक्छ (चौथो प्रश्नबाट, मूर्तिहरूले तपाईंको जीवनमा पारेको प्रभावको अनुभवको बारेमा), वा यो कुनै अर्कै कुरा हुन सक्छ।]

के तपाईंका निम्ति उहाँको बारेमा सिक्नु र उहाँसँगको सम्बन्धमा बढ्नु मूर्तिहरूभन्दा धेरै महत्त्वपूर्ण छ? किन छ वा किन छैन?

**<u>मुख्य बाइबल पदः</u>**

यस हप्ताका लागि मुख्य बाइबल पद यशैया 44:17क, हो।

[यो पद कण्ठ गर्नुपर्छ, तर चेलालाई उसको आफ्नै समयमा कण्ठ गर्न लाउनुहोस्। उनीहरूसँग मिलेर यो केही पटक पढ्नुहोस् र उनीहरू यससँग परिचित छन् भनी सुनिश्चित गर्नुहोस्, तर यसमा धेरै समय नखर्चनुहोस्। उनीहरूले यसलाई कण्ठ गर्न सम्झे कि भनेर बुझ्न अर्को पाठमा जाँच गर्नुहोस्!]




**<u>निष्कर्षः</u>**

स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने परमेश्वर भन्नुहुन्छ कि उहाँ मात्र परमेश्वर हुनुहुन्छ, अरूको पूजा गर्नु गलत हो। जतिसुकै राम्रो, शक्तिशाली, वा प्रभावशाली भए पनि हामीले अरू कुनै पनि आत्मिक प्राणीको पूजा गर्नुहुँदैन। किन नगर्नु? सुन्नुहोस्, सृष्टिकर्ता परमेश्वरले तिनीहरूलाई त्यो शक्ति दिनुभयो, तिनीहरूलाई तिनीहरू जस्तो छन् त्यस्तै बनाउनुभयो। परमेश्वरले तिनीहरूलाई उद्देश्य र महत्त्वका साथ सृष्टि गर्नुभयो - तापनि केहीले उहाँसँग विश्वास तोडेका छन्, त्यो उद्देश्यलाई बङ्ग्याएका छन् र अन्धकारमा परेका छन्। तर तिनीहरू जतिसुकै शक्तिशाली भए पनि, तिनीहरू परमेश्वर होइनन्, र तिनीहरूले बचाउन सक्दैनन्। हुन सक्छ, केही समयका लागि तिनीहरूले हामीलाई शारीरिक रूपमा "रक्षा" गर्न सक्छन्, तर तिनीहरूले हामीलाई पापबाट छुटकारा दिन सक्दैनन्, तिनीहरूले हामीलाई नरकबाट बचाउन सक्दैनन्, तिनीहरूले हामीलाई साँच्चै महत्त्वपूर्ण कुनै पनि तरिकाले बचाउन सक्दैनन्। जब हामी अरू आत्मिक प्राणीहरू ("देवताहरू," राक्षसहरू, वा स्वर्गदूतहरू) लाई सन्तुष्ट पार्छौं वा कुरा गर्छौं, हाम्रा कार्यहरूद्वारा हामीले परमेश्वरमा भरोसा गर्न अस्वीकार गरिरहेका हुन्छौं, र हाम्रो सृष्टिकर्ताबाट टाढा हुँदैजान्छौं।

हामी अरूलाई सम्मान गर्न सक्छौं। उदाहरणका लागि, हामी बितेर गइसकेकाहरूलाई सम्झन सक्छौं र उनीहरूको शिक्षा र प्रभावका लागि धन्यवादी हुन सक्छौं। तर मृत वा

जीवित, अर्को व्यक्ति वा सृष्टि गरिएको प्राणीको अघि निहुरिएर पूजा गर्नु यो कृतज्ञता देखाउने गलत तरिका हो।

त्यसो भए, ख्रीष्टियन आराधना भनेको के *हो?* यो हाम्रो जीवन र हाम्रो समाजका लागि परमेश्वरको उद्देश्य र योजनालाई अँगाल्नु हो। आराधना गर्नु भनेको उहाँ को हुनुहुन्छ भनेर चिन्नु र उहाँले मात्र बचाउन र पापहरू क्षमा गर्न सक्नुहुन्छ भनेर स्वीकार गर्नु हो। यो उहाँको सेवा गर्नु र उहाँ र उहाँका आज्ञाहरू पालन गर्नु हो, उहाँको ज्ञान र निर्देशनका लागि उहाँको वचन अध्ययन गर्नु, उहाँसँग प्रार्थना गर्नु र उहाँसँग सम्बन्ध बनाउनु र उहाँलाई चिन्न खोज्नु, उहाँको महिमा र रचनात्मकताको छायाँबाहेक अरू केही नठानी उहाँको सृष्टिलाई प्रेम गर्नु र हेरचाह गर्नु हो।

अरू कुनै पनि देवताले प्रेम गरेको थाहा छैन। हो, रोमान्स, आदिको देवता छ। तर हामीलाई त्यस्तो कुनै देवता थाहा छैन जसले मानिसहरूलाई यति धेरै प्रेम गर्छ कि तिनीहरूका लागि मर्न सक्छ। कोही भन्छन्, कि यो आशा गर्न सकिन्छ; देवताहरूले जिउन पर्ने आफ्नै जीवन हुन्छ, र हामी पनि त्यस्तै हौं – त्यसैले हामीले उनीहरूबाट ती प्राणीहरूको वास्ता गर्ने आशा किन गर्ने जो उनीहरूको वास्तविकताबाट टाढा छन्? तर सृष्टिकर्ता परमेश्वर फरक हुनुहुन्छ। उहाँले संसार सृष्टि गर्नुभयो, र उहाँले मानिसहरूलाई सृष्टि गर्नुभयो, र उहाँले प्रेमको कारण त्यसो गर्नुभयो। अब जब हामी उहाँले हाम्रा लागि चाहनुभएको आशिषबाट टाढा भएका छौं, उहाँले हामीलाई फिर्ता ल्याउन, हामीलाई नयाँ पूर्णता र उहाँको राज्यमा नयाँ ठाउँमा ल्याउन, हामीलाई समय र स्थानमा हाम्रो दृष्टिकोणबाट कल्पना गर्न सक्नेभन्दा उच्च वास्तविकताको स्तरमा उठाउन खोज्नुहुन्छ। यशैया 42:6 र 7 ले हामीलाई देखाउँछ कि प्रभु येशू आशिष् दिन, बचाउन, बन्धनबाट मुक्त गर्न, अन्धकारमा जिउनेहरूलाई उज्यालोमा ल्याउन आउनुहुन्छ। मानव जातिप्रतिको उहाँको प्रेमले उहाँलाई यी सब गर्न प्रेरित गर्दछ, जुन मानिसहरू उहाँकै स्वरूपमा बनाइएका उहाँका सन्तानहरू हुन्।

**<u>अर्को हप्ताः</u>**

- अर्को पाठका लागि तयारी गर्नुहोस्, र यसमा अध्ययन गरिएको पवित्र-शास्त्रको खण्ड पढेर (मत्ती 6:5-8)। कुनै पनि विचार वा प्रश्नहरू लेख्न नबिर्सनुहोस्।

- यस पाठबाट तपाईंमा उत्पन्न भएका कुनै पनि प्रश्न, शंका वा चिन्ताहरूको बारेमा सोच्न र प्रार्थना गर्न केही समय बिताउनुहोस्। सायद तपाईंले ती प्रश्नहरू र तपाईंले भेट्टाउन सक्ने कुनै पनि उत्तरहरू लेख्न सक्नुहुन्छ। यदि शंका वा प्रश्नहरू रहिरहन्छ भने चर्चमा कुनै यस्तो व्यक्ति खोज्नुहोस् जसले तपाईंलाई ती समस्याहरू समाधान गर्न सक्छ (तपाईंको चेला, वा तपाईंका पास्टर, वा अरू कोही विश्वसनीय व्यक्ति)।

[प्रार्थना गरेर समाप्त गर्नुहोस्]

पाठ 5

# प्रार्थना कसरी गर्ने

**बाइबल पाठः** मत्ती 6:5-8

**मुख्य पदः** मत्ती 6:6क

*"तर जब तिमी प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर।"*

*[चेला बनाने व्यक्तिः चेलालाई हप्ताभरि सिक्न भनिएको पद पढ्न नबिर्सनुहोस्! उनीहरूलाई त्यो पद दोहोऱ्याएर भन्न लाउनुहोस्। त्यो पद लेखिएको कागजको टुक्रा*

*ल्याउनु राम्रो हुन सक्छ, तर त्यसमा चेलाले शब्दहरू भर्नका लागि खाली ठाउँ छोड्नु राम्रो हुन्छ।*

*उदाहरण: परमेश्वरले संसारलाई यति ______ गर्नुभयो,कि उहाँले आफ्ना एक मात्र ______ ______, ताकि उहाँमा __________ गर्ने कोही पनि _______ नहोस्, तर _________ _________ पाओस्। यूहन्ना __:___)*

*उनीहरूले जानकारीहरू याद राखेका छन् कि छैनन् भनी सुनिश्चित गर्न उनीहरूलाई विगतको पाठको बारेमा केही प्रश्नहरू गर्ने मौका लिनुहोस्। उदाहरणका लागि: बाइबल कसरी विभाजन भएको छ? परमेश्वरले आफ्ना पुत्रलाई किन पठाउनुभयो? मुक्ति पाउनु भनेको अर्थ के हो?]*



## परिचयः

आज हामी विश्वासीको जीवनका लागि महत्त्वपूर्ण कुराको बारेमा कुरा गर्न जाँदैछौं: जुन प्रार्थना हो। यो हाम्रो प्रभुसँगको हाम्रो सम्बन्ध हो, र यो त्यस्तो कुरा हो जुन जो कोहीले पनि गर्न सक्छ - हामीलाई हाम्रा मुक्तिदातासँग कुरा गर्नबाट कुनै पनि कुराले रोक्दैन! तापनि, प्रार्थना गर्ने धेरै वटा तरिकाहरू छन्। आजको बाइबल पदको अध्ययन गर्दै प्रार्थना के हो र के होइन भन्ने कुरालाई केही गहिरिएर हेरौं।

तपाईंको बाइबलमा मत्ती 6:5-8 खोल्नुहोस्। [चेला बनाउने व्यक्ति, चेलालाई कठिनाइ भइरहेको भए पनि उसलाई त्यो आफै खोज्ने कोसिस गर्न लाउनुहोस्। यदि त्यो खण्ड भेट्टाउन सकेनन् भने मात्र सहायता गर्नुहोस्। तापनि यो कुरा मनमा राख्नुहोस् कि, यदि तिनीहरूलाई पहिलो चेलापन पुस्तकको अध्ययनको समयभरि बाइबल पदहरू खोज्न कठिनाइ भयो भने अलग्गै समय छुट्ट्याएर पदहरू खोज्न सिकाउनु राम्रो हुनेछ।]

## छलफलका निम्ति प्रश्नहरू

[छलफल सुरु गर्न, केही प्रश्नहरू सोध्नुहोस्: के तपाईं प्रार्थना गर्नुहुन्छ? तपाईंले प्रार्थना गर्दा के हुन्छ? प्रार्थना गर्दा तपाईंलाई कस्तो लाग्छ? त्यो प्रार्थनाको तपाईंको जीवनमा कस्तो प्रभाव छ?]

[चेला बनाउने व्यक्ति, प्रश्नहरू बिस्तारै सोध्नुहोस् र उनीहरूलाई सोच्न समय दिनुहोस्]

**प्रार्थना गर्दा हामी कस्तो किसिमको व्यक्ति हुनुहुँदैन भन्ने कुरा यो पदले बताउँछ। त्यो कस्तो किसिमको व्यक्ति हो? किन इनाम पाउँदैन? त्यस्ता मानिसहरूको इनाम के हो? (पद 5)** [*हामी ती पाखण्डीहरू जस्तो हुनुहुँदैन जो देखिनका लागि 'असल' काम गर्छन्। हामी त्यस्तो हुनुहुँदैन, किनकि तिनीहरू केवल देखावटी कुरामा ध्यान दिन्छन् र वास्तवमा परमेश्वरसँग सम्बन्ध राख्दैनन्। तिनीहरूको इनाम त्यत्ति मात्र हो-तिनीहरूलाई मानिसहरूले देख्नेछन्, तर तिनीहरूले स्वर्गमा कुनै इनाम पाउँदैनन्। तिनीहरूले गरिरहेका*

*कुरा वास्तवमा प्रार्थना वा आराधना होइन, किनकि यो परमेश्वरलाई खोज्नुको सट्टा अरूबाट प्रशंसा प्राप्त गर्ने उद्देश्यले गरिन्छ।]*

**के पद 6क ले, हरेक पटक प्रार्थना गर्दा, तपाईंले आफ्नो कोठामा जानुपर्छ र ढोका बन्द गर्नुपर्छ भन्छ? तपाईंलाई यो पदको अर्थ के हो जस्तो लाग्छ भन्नुहोस्।** *[होइन, त्यसै गर्नुपर्छ भन्नेछैन - कुरा यति हो कि हामीले चाहिं पाखण्डीहरूले भन्दा उल्टो तरिकाले गर्नुपर्छ। त्यसैले यो पदले सार्वजनिक ठाउँमा प्रार्थना गर्न निषेध गरेको छैन, तर यसले प्रशंसा र ध्यान पाउने उद्देश्यले प्रार्थनाको प्रयोग गर्न निषेध गर्दछ। बरु, हामीले महत्त्वपूर्ण कुराहरूमा,जस्तै प्रभुसँगको हाम्रो सम्बन्ध ध्यान केन्द्रित गर्नुपर्छ। यो पदले हामीलाई व्यक्तिगत प्रार्थनाका लागि एकान्त ठाउँ खोज्नुपर्छ भन्छ, जहाँ तपाईं र परमेश्वर मात्र हुनुहुनेछ। यो हाम्रो आराधनाको समय हो: परमेश्वरसँग कुराकानी गर्ने र उहाँसँगको हाम्रो सम्बन्धलाई गहिरो बनाउने समय हो।]*

**बाइबलका अरू केही संस्करणहरूले भनेझैं "खोक्रा शब्दहरू" मा वा "व्यर्थमा बरबराउँदै" प्रार्थना गर्नुको अर्थ के हो? (पद 7)** *["खोक्रा शब्दहरू" - ती शब्दहरू हुन्, जुन अर्थपूर्ण छ वा बुझिन्छ भनेर होइन तर सुन्नमा राम्रा हुन्छन् भनेर बोलिन्छन्। केही मानिसहरू कुनै-कुनै वाक्यांशहरू प्रयोग गर्दा प्रार्थना अझ शक्तिशाली हुन्छ भनी सोच्छन्। तर प्रार्थनालाई शब्दहरू आफैले प्रभावकारी वा महत्त्वपूर्ण बनाउँदैनन्, र यदि तपाईंको हृदय प्रभुको अगाडि ठीक छैन भने तपाईंको प्रार्थनालाई "सफल" बनाउने कुनै वाक्यांश छैन।]*

**यो पदले 'तिनीहरूले धेरे शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्छन्' भन्दछ, तपाईंको विचारमा यसको अर्थ के हो?** (पद 7) *[कहिलेकहीं, मानिसहरू सोच्छन्, कि हामीले केवल "सही" शब्दहरू बोलेर मात्र हुँदैन, तर ती शब्दहरू बारम्बार दोहोऱ्यायौं भने हामीले मागेका कुराहरू पाउने सम्भावना धेरै हुन्छ। वा यदि हामीले धेरै*

*शब्दहरू बोल्यौ भने आफ्नो व्यवहारले प्रभुलाई 'मनाउन' सक्छौं। तर परमेश्वरले त्यस्तो तरिकाले काम गर्नुहुन्न - र त्यसैले वाक्यांश र शब्दहरू खोक्रा हुन्छन्।]*

**हामीले हामीलाई के चाहिन्छ भन्ने कुरा हामीले भन्नुभन्दा अघि नै परमेश्वरले जान्नुहुन्छ (पद 8)। त्यसो भए उहाँसँग प्रार्थना गर्नु र सहायता वा सल्लाह माग्नुको उद्देश्य के हो? के उहाँलाई सबै कुरा थाहा छैन? किन उहाँले हामीलाई सहायता गर्नुहुन्न?**

*[प्रार्थना भनेको परमेश्वरबाट केही कुराहरू प्राप्त गर्नु मात्र होइन, यो हाम्रो स्वर्गका पितासँग गरिने कुराकानी हो, जो सत्य र जीवित परमेश्वर हुनुहुन्छ। हामी उहाँको नजिक जान, उहाँसँग बातचित गर्न, तर उहाँको कुरा सुन्न पनि खोज्नुपर्छ। परमेश्वरको सन्तानको रूपमा, हामी आफ्ना खाँचोहरू वा हाम्रा चाहनाहरूका लागि परमेश्वरको कुराहरू माग्न सक्छौं। तर हामीले उहाँको लागि जिउने र उहाँको सेवा गर्ने पनि निश्चय गर्नुपर्छ। अन्त्यमा, हाम्रो लक्ष्य हाम्रो स्वर्गका पितासँग सम्बन्ध बनाउनु हो। कुनै पनि सम्बन्धमा जहाँ कोही बोल्दैन वा अर्कोको कुरा सुन्दैन भने त्यो सम्बन्ध बढ्दैन, न त स्वस्थ सम्बन्ध हुन सक्छ। हामी हाम्रा पितासँग हाम्रो सम्बन्ध बढोस् र स्वस्थ होस् भन्ने चाहन्छौं!]*

## प्रार्थना के हो?

यो जवाफ दिन सरल र गाह्रो दुवै छ, किनकि प्रार्थना गर्ने र हाम्रा पितासँग कुरा गर्ने धेरै तरिकाहरू छन्। त्यसैले, स्पष्ट वर्णन प्राप्त गर्ने कोसिसमा, प्रार्थना के होइन भनेर सुरु गरौं। धेरै उदाहरणहरू छन्, तर दुईवटा हेरौं:

1) पहिलो, तब हुन्छ जब कुनै व्यक्तिले प्रार्थना कण्ठ गरेको हुन्छ र यो प्रार्थना मात्र गर्ने गर्छ र धेरै पटक दोहोऱ्याएकोले शब्दहरूको अर्थ हराउँछ, उनीहरूले बोलेका शब्दहरूमा विश्वास गरेकोले होइन, तर त्यो प्रार्थना हो भनेर गर्छ।

2) दोस्रो कुरा, तब हुन्छ जब कुनै व्यक्तिले लामो समयसम्म प्रार्थना गर्छ, तर वास्तवमा कुनै अर्थपूर्ण कुरा बोल्दैन। यी प्रार्थनाहरूमा राम्रा शब्दहरू हुन सक्छन्, तर ती शब्दहरूले तिनीहरूका व्यक्तिगत जीवनलाई झल्काउँदैनन्। उदाहरणका लागि, एक व्यक्तिले सन्डे स्कुलमा धैरै मानिसहरू आऊन् र चर्च बढोस् भनेर लामो समयसम्म प्रार्थना गर्छ, तर तिनीहरू आफै महिनौंपछि पहिलो पटक चर्चमा आएका हुन्छन्, र तिनीहरूले आफ्नो विश्वासको बारेमा अरूलाई कहिल्यै बताउँदैनन्।

प्रार्थना भनेको मानिसहरूलाई देखाउन गरिने प्रदर्शन होइन। यो केवल शब्दहरू जादुको सूत्रजस्तो भन्नु मात्र पनि होइन।

- *त्यसोभए, प्रार्थना भनेको के हो त?* प्रार्थनाको उद्देश्य परमेश्वरसँगको हाम्रो सम्बन्ध बनाउनु र त्यो सम्बन्धलाई अझ गहिरो बनाउनु हो। यो हाम्रो फाइदाका लागि हो, यो जीवन रेखा हो, यो प्रभुसँगको सोझो सम्बन्ध हो, र यसले आत्मिक विकासलाई पोषण दिन्छ।

- *म कसरी प्रार्थना गर्न सक्छु?* पवित्र-शास्त्रले भने जस्तै प्रार्थना गर्नुपर्छ - आफ्नो कोठाभित्र वा एकान्त ठाउँमा जानुहोस् र परमेश्वरसँग कुराकानी गर्नुहोस्। त्यहाँ कुनै विशेष आसन(मुद्रा) वा सूत्र छैन, जुन अनुसार हामीले प्रार्थना गर्नुपर्छ।
- *म "खोक्रा शब्दहरू" बोल्न बाट कसरी बच्न सक्छु?* स्पष्टसँग बोल्नुहोस्, प्रार्थना आफैमा शक्ति होइन - बरु, शक्ति हाम्रो पिताबाट आउँछ, जसले सधैं हाम्रो प्रार्थना सुन्नुहुन्छ भनी सम्झनुहोस्। तपाईंका प्रार्थनाहरू परमेश्वरले सुन्नका लागि हो, तपाईंको वरपरका मानिसहरूले तपाईंको बारेमा प्रशंसा गरून् भनेर होइन भन्ने कुरा पनि याद राख्नुहोस्। यसो भनिएको छ, तपाईंका प्रार्थनाहरूलाई धैरै लामो बनाउनुमा कुनै गलत छैन! केवल यो सुनिश्चित गर्नुहोस् कि प्रार्थना गर्नुको उद्देश्य

परमेश्वरको प्रशंसाका निम्ति केही सुन्दर कुरा सिर्जना गर्नु हो, र अरू मानिसहरूलाई प्रभावित गर्न वा आफैलाई अझ आत्मिक अनुभव गराउनका लागि होइन।

- *म कुन कुराको बारेमा प्रार्थना गर्न सक्छु?* तपाईं कुनै पनि कुरा र सबै कुराको बारेमा प्रार्थना गर्न सक्नुहुन्छ! यो परमेश्वरसँगको कुराकानी हो। तपाईंको जीवनको हरेक गतिविधि, हरेक समस्या वा चिन्ता, सबै उहाँकहाँ ल्याउन सकिन्छ। प्रार्थनाको मुख्य उद्देश्य प्रभुलाई काम गर्नका निम्ति मनाउनु होइन, तर उहाँसँगको हाम्रो सम्बन्ध बढाउनु हो। त्यसैले, तपाईंले आदरपूर्वक बोल्नुपर्छ, तपाईंले उहाँसँग परिवारको घनिष्ठ सदस्यसँग जस्तै कुराकानी गर्न सक्नुहुन्छ।

पछिको पुस्तकमा, हामी येशूको उदाहरण र उहाँले कसरी प्रार्थना गर्नुभयो र उहाँले आफ्ना चेलाहरूलाई कसरी प्रार्थना गर्न सिकाउनुभयो भनेर हेर्नेछौं।


*[छलफलका निम्ति प्रश्नहरू: के तपाईंलाई पहिलेदेखि नै प्रार्थना गर्ने बानी छ? तपाईं कहाँ प्रार्थना गर्नुहुन्छ? तपाईं प्रायः कुन कुराका लागि प्रार्थना गर्नुहुन्छ? प्रार्थना गर्दा, तपाईंको निम्ति सबैभन्दा ठूलो चुनौती के हुन्छ?]*

[*चेला बनाउने व्यक्ति: परमेश्वरले तपाईंको प्रार्थनाको जवाफ दिनुभएको समयको बारेमा, वा तपाईंले प्रभुसँग प्रार्थनामा राम्रो समय बिताउनुभएको बारेमा बताउनुहोस्। साथै, तपाईंको चेलाले कहिल्यै प्रार्थनाको साथमा कुनै विशेष अनुभव गरेको छ कि छैन सो सोध्नुहोस्।*]

आजका लागि हाम्रो मुख्य बाइबल पद **मत्ती 6:6क** मा पाइन्छ: *"तर तिमी जब तपाईं प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर।"*

रचनात्मक तरिकाले कसरी चित्र कोर्ने भन्ने अर्को उदाहरण दायाँपट्टि देख्न सकिन्छ:

**<u>साप्ताहिक चुनौतीः</u>**




✓ अर्को हप्ताका लागि तपाईंको चुनौती: प्रार्थना गर्न प्रत्येक दिन पाँच मिनेट छुट्ट्याउनुहोस्। यदि तपाईंलाई कुन कुराका निम्ति प्रार्थना गर्न भनी थाहा छैन भने, तपाईं र चेलाले सँगसँगै प्रार्थनाका विषयहरूको सूची बनाउन सक्नुहुन्छ। केवल शारीरिक आवश्यकताहरूमा मात्र नभई आत्मिक आवश्यकताहरूमा पनि ध्यान केन्द्रित गर्नुहोस्। अनि केवल परमेश्वरसँग बातचित गर्नुहोस्!

**प्रार्थनाको विषयमा केही भनाइहरू:**

*"म प्रार्थना गर्छु, किनकि म आफैलाई सहायता गर्न सक्दिनँ। म प्रार्थना गर्छु, किनकि म असहाय छु। म प्रार्थना गर्छु, किनकि उठ्दा र सुत्दा हरसमय मबाट आवश्यकता बाहिर निस्कन्छ। यसले परमेश्वरलाई परिवर्तन गर्दैन। यसले मलाई परिवर्तन गर्छ।"* - सी.एस. लिविस

*"प्रार्थनाबिना ख्रीष्टियन हुन खोज्नु भनेको सास नफेरी जीवित रहनु खोज्नु जत्तिकै असम्भव कुरा हो।"* - मार्टिन लुथर

*[प्रार्थनासहित सेवा समाप्त गर्नुहोस्]*

पाठ 6

# चेलापनको परिचय

**बाइबल पाठः** भजन 1

**मुख्य पदः** भजन 1:2

"तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी हुन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ।"

**[समीक्षा**: *यस भन्दा अघिको पाठमा हामीले प्रार्थनाको बारेमा सिक्यौं, प्रार्थना यो के हो, र हामीले कसरी प्रार्थना गर्नुपर्छ भन्ने सिक्यौं। "खोक्रा शब्दहरू" को उदाहरण के हो? हामी यसबाट कसरी बच्न सक्छौं? के तपाईंलाई हामीले सिकेको पद याद छ? दैनिक प्रार्थनाको चुनौती कस्तो रह्यो? के तपाईंले यो गर्न सक्नुभयो? के तपाईं हप्ता भएको केही कुरा बताउन चाहनुहुन्छ?]*

**परिचय:**

आज हामी आफ्नो विश्वासमा कसरी बढ्ने र प्रभुको मार्गमा कसरी हिंड्ने भनी हेर्नेछौं। हामी यसलाई चेलापनको प्रक्रिया भन्छौं। येशूले चेला बनाउनुभएझैं, हामी पनि अरूलाई चेला बनाउन बोलाइएका छौं। वास्तवमा, यी ससाना पुस्तिकाहरू त्यो प्रक्रियामा सहायता गर्न, ख्रीष्टमा तपाईंको वृद्धिलाई प्रोत्साहन दिन र आखिरमा तपाईंलाई त्यही वृद्धिमा अरूलाई सहायता गर्न नेतृत्व गर्न तयार गरिएको हो।

आजको पाठ भजनसंग्रहको पुस्तकमा पुरानो करारबाट आएको हो। भजनसंग्रहको पुस्तक "बुद्धि (प्रज्ञा) साहित्य" को हिस्सा हो, बाइबलको यस्तो भाग जसमा कविताका पाँच पुस्तकहरू समावेश छन्। यी बाइबलको बीच भागमा पाइन्छन्, र ती हुन् अय्यूब, भजनसंग्रह, हितोपदेश, उपदेशक र श्रेष्ठगीत। हाम्रो चर्चले हाम्रो चेलापनका पुस्तकहरूको आधारको रूपमा भजन 1 अध्याय प्रयोग गर्दछ, विशेष गरी पद 3: *"ऊ खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन। त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ।"*


खीष्टियन विश्वासमा पहिलो कदम


खीष्टमा बढ्नु


हाम्रो इतिहास र विश्वासहरू


मिसनः गुणन


मेरो सेवकाई के हुनेछ?

तपाईंले रोपिएको एउटा रूख रोपिएका चित्रहरू र यो कसरी बढ्छ भनी देख्न सक्नुहुन्छ। यसलाई उदाहरणको रूपमा प्रयोग गर्दै, हामी बाइबलको कविताबाट एउटा महत्त्वपूर्ण विशेषता पनि बताउनेछौं। कवितात्मक पुस्तकहरूमा, र विशेष गरी भजनसंग्रह र हितोपदेशका पुस्तकहरूमा, आत्माले कुरा बुझाउनका निम्ति तुलनाहरू प्रयोग गर्नुहुन्छ। केही तुलनाहरू थोकहरू बीचको समानताहरूसँग सम्बन्धित छन्। हामी यो भजन 1:3 मा देख्छौं, जहाँ धर्मी व्यक्तिलाई रूखसँग तुलना गरिएको छ, "ऊ खोलाले किनारमा रोपेको बोट *जस्तै* हुन्छ...।"

साथै, भजनसंग्रह 1 अध्यायमा हामी अर्को प्रकारको तुलना देख्न सक्छौं - *भिन्नता।* त्यो सम्पूर्ण भजनभरि हामी धर्मी र दुष्ट बीचको तुलना र भिन्नताहरू देख्छौं।

भजनसंग्रहको पुस्तकमा प्रयोग गरिएका बिम्ब (चित्र)हरूमा ध्यान दिनु सधैं महत्त्वपूर्ण हुन्छ! हामी सुरु गरौं!

*[प्रश्नहरू जारी राख्नु अघि भजन 1 अध्याय पढ्नुहोस्]*

## कुराकानीका निम्ति प्रश्नहरू:

[*हरेक प्रश्न सोध्नु आवश्यक छैन। तपाईंसँग कति समय छ भन्ने आधारमा तिनीहरूलाई प्रश्न सोध्ने निश्चित गर्नुहोस्। तपाईं आफ्नै प्रश्नहरू पनि बनाउन सक्नुहुन्छ*]

- *के तपाईंले कहिल्यै मानिसहरूलाई आफ्नो खुशीको पछि लाग्ने कोसिस गरेका र त्यसपछि असफल भएका देख्नुभएको छ?*

- *तपाईंले "खुसी" कहाँ पाउनुहुन्छ?*

- *धन्य हुनु भनेको अर्थ के हो?*

- *यो पदले धर्मीहरूले "दिनरात" मनन गर्छन् भनेको अर्थ तपाईंलाई के हो जस्तो के लाग्छ?*

- *हामी कसरी प्रभुको व्यवस्थामा मनन गर्न सक्छौं?*

- *तपाईंको आराधनाको जीवन कस्तो रहेको छ?*
- *तपाईंले आफ्नो बाइबलबाट कुन-कुन पुस्तकहरू पढ्नुभएको छ? के तपाईं आफ्नो बाइबल बारम्बार पढ्नुहुन्छ?*
- *बाइबलको तपाईंलाई मनपर्ने पुस्तक/पद/कथा कुन हो र किन?*

**छलफलका निम्ति प्रश्नहरू:**

*[खण्डहरू पढ्दा आउने कुनै पनि कठिन शब्दहरू चेलाले बुझेको छ भनी सुनिश्चित गर्नुहोस्]*

**हामीले के गर्नुहुँदैन? किन गर्नुहुँदैन? (पद 1)**

*[हामी दुष्टहरूको सल्लाहमा हिंड्नुहुँदैन, पापीहरूको मार्गमा खडा हुनुहुँदैन, वा गिल्ला गर्नेहरूको संगतमा बस्नु हुँदैन, त्यस्ता कामहरू गर्नाले हामीलाई दुष्टहरूको बाटोमा पुर्‍याउनेछ, जुन हामीले हिंड्न चाहेका बाटोको विपरीत हो। यदि तपाईंले ध्यानपूर्वक हेर्नुभयो भने, तपाईंले पदमा क्रमिक सिलसिला देख्न सक्नुहुन्छ - यो गलत दिशामा भड्केर सुरु हुन्छ, त्यसपछि रोकिन्छ र पापीहरूको यो समूहसँग बस्छ, त्यसपछि तपाईं तिनीहरूसँग बसेर तिनीहरूको जीवनको मार्गमा आफूलाई बलियोसँग राख्नुहुन्छ।]*

**धर्मी व्यक्तिको खुसी कुन कुरामा हुन्छ? उसले कहिले र कसरी प्रभुको व्यवस्थामा मनन गर्छ? (पद 2)**

*[उसको खुसी दिनरात प्रभुको व्यवस्थामा हुन्छ - त्यसैले ऊ बाइबल("व्यवस्था") पढ्छ र प्रार्थनाद्वारा निरन्तर परमेश्वरसँग संगतिमा रहन्छ।]*

**धर्मी व्यक्ति कसरी एउटा बोट जस्त ो हुन्छ? यहाँ कुन-कुन गुणहरू उल्लेख गरिएका छन्? (पद ३)**



*[ऊ खोलाको किनारमा रोपेको रूख जस्तै हुन्छ, उसमा फल लाग्छ, ऊ मर्दैन, तर सधैं हरियो हुन्छ, र उसको बाटो फस्टाउँछ। उसको जरा बलियोसँग गाडिएको हुन्छ। ऊ "रोपिएको" पनि हुन्छ - रूख संयोगले त्यहाँ हुँदैन।*

*"पानी"लाई प्रायः येशूको वचनसँग तुलना गरिन्छ, जसले जीवन दिन्छ। फल भनेको त्यो कुरा हो जुन प्रत्येक ख्रीष्टियनले फलाउनु आवश्यक छ - यो प्रभुको पछि लागेर जिउने जीवनको विशेषता हो। ऊ 'ओइलाउँदैन'-रूखमा दृढता र जरा मात्र हुँदैन, तर यो नयाँ हुन्छ र जीवित र स्वस्थ रहन्छ। यदि धर्मी जनले प्रभुको इच्छा पालन गर्छ भने, ऊ समृद्ध हुनेछ - सायद परम्परागत, भौतिक अर्थमा नहोला, तर ऊ राम्रोसँग एक असल जीवन जिउनेछ।]*

**दुष्टहरू कस्ता हुन्छन्? धर्मी र दुष्ट बीचको भिन्नता – विरोधाभास के-के हुन्? (पद 4)**

*[तिनीहरू बतासले उडाएर लैजाने भुसजस्तै हुन्छन् भने धर्मीक ा जराहरू हुन्छन् र सजिलै हल्लिदैन, दुष्टहरू सजिलै उड ाएर लगिन्छन्। जहाँ धर्मीहरू जीवित हुन्छन्, दुष्टहरू सुख्खा र निर्जीव हुन्छन्।]*

**पदले "यसकारण" भन्छ। यी भिन्नताहरूको परिणामस्वरूप के हुनेछ? (पद 5)**

[*किनकि दुष्टहरूमा दृढता हुँदैन, किनकि तिनीहरूमा जीवन हुँदैन, किनकि तिनीहरूले परमप्रभुको व्यवस्थामा खुसी पाउँदैनन्, धर्मीहरूमाझ तिनीहरूको कुनै ठाउँ हुनेछैन।*]

**दुई वटा मार्गहरू के-के हुन्, र तिनीहरू बीच के भिन्नता छ? (पद 6)**

[*धर्मीहरूको मार्ग र दुष्टहरूको मार्ग। परमप्रभुले एउटालाई रक्षा गर्नुहुन्छ, तर अर्कोलाई गर्नुहुन्न। परमप्रभु एउटाको नजिक हुनुहुन्छ, सधैं त्यस मार्गमा हुनेहरूलाई हेरचाह गर्नुहुन्छ, सधैं त्यसमाथि आफ्नो दृष्टि राख्नुहुन्छ, तर अर्कोमाथि राख्नुहुन्न।*]


य ो भजनले हामीलाई बाइबलले हामीमा पार्ने प्रभावको बारेमा बताउँछ। जब हामी परमेश्वरको शिक्षा सुन्छौं, यसले हामीलाई "फल दिने खोलाको किनारमा रोप ेको बोटजस्तै" हुन, र अरू पनि धेरै कुरामा सहायता गर्नेछ। पापी र धर्मीहरू बीचको भिन्नता पनि दृढतापूर्वक राखिएको छ - एउटा "धन्य" छ, अर्को त्यागिएको छ। दुष्टको बाटो क्षणिक हुन्छ, र उसले गर्ने काम टिक्दैन। परमप्रभुले दिनुहुने बाटोले निरन्तर वृद्धि गराउँछ, जसले हामीलाई जीवनका कठिनाइहरू पार गर्न प्रत्येक दिन बल दिन्छ। उहाँले हामीलाई जीवन दिनुहुन्छ, र प्रशस्त जीवन दिनुहुन्छ। (यूहन्ना 10:10)

नयाँ विश्वासीहरूको रूपमा गाह्रो हुन सक्ने कुरा भनेको पद 1 मा हामीले देखेका जस्तै विगतका परिचित ठाउँहरू छोड्नु हो - दुष्टहरूको सल्लाह, पापीहरूको मार्ग, र गिल्ला गर्नेहरूको संगत। नयाँ विश्वासीहरूले विगतका ती ठाउँहरू र साथीहरूलाई सम्झनेछन् जुन असल थिएनन्, तर परिचित र सहज पनि हुन्छन्। के तपाईंका निम्ति यस्ता ठाउँहरू छन्, जसबाट तपाईं बच्नुपर्छ? के तपाईंलाई परीक्षामा पार्ने यस्ता ठाउँहरू छन्, वा तपाईं अझै पनि जान मन गर्नुहुन्छ, तर अब तपाईं ख्रीष्टियन भएकोले त्यहाँ जानु उचित हुँदैन? त्यस्ता साथीहरूको बारेमा के भन्नुहुन्छ ज ुनहरू तपाईं आफ्नो पुरानो चालमा फर्केको चाहन्छन्?

प्रभुको मार्गमा कसरी हिंड्न ुपर्छ भनेर विचार गरौं। पहिले, त्यहाँ यस्ता ठाउँहरू छन् जुन धर्मी व्यक्तिक ा लागि स्वस्थ, उन्नति गराउने र लाभदायक छन्। यस्ता ठाउँहरू कुन हुन सक्छन्? के तपाईंलाई केही ठाउँहरू वा परिस्थितिहरूको बारेमा कुनै शंका छ, वा के तपाईंलाई यी समस्याहरू कसरी समाधान गर्ने भन्नेबारे सल्लाह चाहिन्छ?

*[चेलाहरूको जवाफ वा प्रश्नहरूको सामना गरेपछि, प्रभुले तपाईंलाई सुरुम ा कुनै समस्यामा कसरी सहायता गर्नुभयो, वा तपाईंको विकासक ा लागि उचित नहुने ठाउँहरूमा जानबाट रोक्न कसरी सहायता गर्नुभयो, वा तपाईंको आत्मिक जीवनका निम्ति राम्रो प्रभाव नभएका मानिसहरूसँग बुद्धिमानी र प्रेमिलो व्यवहार गर्न उहाँले तपाईंलाई कसरी सहायता गर्नुभयो भन्ने व्यक्तिगत गवाही बताउनुहोस्।]*

हामी कसरी प्रभुको मार्गमा हिंड्न ुपर्छ? उत्तर पद 2 मा पाउन सकिन्छ, जहाँ भनिएको छ कि "उसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ।" के यसको अर्थ हामीले सधैं बाइबल पढ्नुपर्छ, हरेक दिनको हरेक घण्टा पढनुपर्छ भन्ने हो? होइन, त्यसो गर्ने हो भने त अरू केही काम गर्न प्रायः असम्भव हुनेछ। तर वचनमा मनन गर्नु फरक कुरा हो। जब हामी "मनन गर्नुहोस्" भन्छौं, हामी ध्यान गर्ने सामान्य कुरा गरिरहेका हुँदैनौं, जसले भन्छ कि पलेँटी मारेर बस्नुहोस्, गहिरो सास लिनुहोस्, आफ्नो दिमाग सफा गर्नुहोस्, त्यस प्रकारको कुराहरू हुन्छन्। बरु मनन गर्नु भनेको वचनलाई "गहिरिएर विचार" गर्नु हो, किनकि हाम्रो दिमाग सफा गर्नुको सट्टा हामी त्यसलाई परमेश्वरको वचनले भरिरहेका हुन्छौं। परमेश्वरको वचनले सधैं हाम्रो दिमागलाई खुवाउनुपर्छ,हाम्रा विचारहरूलाई समृद्ध बनाउनुपर्छ र हाम्रो विचार परिवर्तन गर्नुपर्छ। पछिल्ला पाठहरूमा, हामी पवित्र-शास्त्रका वचनहरूको गहिरो अध्ययन गर्ने र यसलाई बुझ्न र अभ्यास गर्न सिक्ने नयाँ तरिकाहरू पत्ता लगाउन बढी समय दिनेछौं, तर अहिलेक ा लागि, सबैभन्दा महत्त्वपूर्ण भाग भनेको वचनलाई जान्नु हो। यसो गर्ने एउटा तरिकाचाहिं पदहरू कण्ठ गर्नु हो।




आज हामी भजन 1:2 कण्ठ गर्नेछौं, तर यहाँ एउटा चुनौती छ: जुन यो पुस्तिका समाप्त हुनुभन्दा अघि भजन 1 अध्यायलाई पूर्ण रूपमा कण्ठ गर्न ु हो। पुस्तकको अन्त्यमा यो पुरस्कारको लायक हुनेछ!

**मुख्य पद:** "तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी हुन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ।"

भजन 1:2

## साप्ताहिक चुनौती

✓ एक दिनमा बाइबलको एउटा अध्याय पढ्नुहोस् र पाठको बारेमा केही प्रश्नहरू सोध्नुहोस्, त्यसपछि पछि जवाफ दिनुहोस्। तपाईं आफ्नो आराधनाको नोटबुकमा प्रश्न र उत्तरहरू लेख्न सक्नुहुन्छ, वा यदि तपाईं चाहनुहुन्छ भने दिमागमा राख्न सक्नुहुन्छ! यी यस्ता प्रश्नहरूमा आधारित सरल हुन सक्छन्: को? के? कहाँ? कहिले? कसरी? र किन? तपाईंसँग सबै उत्तरहरू हुनुपर्दैन! थप जानकारीका लागि तपाईंले तिनीहरूलाई चेला बनाउने व्यक्ति वा तपाईंका पास्टरकहाँ ल्याउन सक्नुहुन्छ।

[चेला बनाउने व्यक्ति, यदि उनीहरू कहाँबाट सुरु गर्ने भनेर निश्चित छैनन् भने, तपाईं आफ्नै सुझावहरू दिन सक्नुहुन्छ। सुरु गर्नका लागि प्रायः राम्रो ठाउँ सुसमाचारका पुस्तकहरू हुन्, जस्तै मत्ती वा मर्कूस]

**गर्नुपर्ने कार्य**: "बोट" शब्दलाई वर्णक्रम (प्रत्येक अक्षरबाट शब्द बनाउनु)बनाउनुहोस्, त्यस अक्षरबाट सुरु हुने प्रत्येक अक्षरबाट एउटा शब्द वा विचार राख्नुहोस्, जसले धर्मीहरूको गुण वा परमेश्वरसँग हिंड्ने कुरा प्रकट गर्दछ। उदाहरणका लागि:

दुई तरिका

दुष्टहरूको सल्लाहलाई **अ**स्वीकार गर्दछ

**अ**नन्त
प्रभुको वचनमा **खु**सी हुन्छ

*[प्रार्थनासहित समाप्त गर्नुहोस्]*

पाठ 7

# परीक्षा

**बाइबल पाठः** याकूब 1:12-15

**मुख्य पदः** याकूब 1:12क

[**समीक्षा**: बितेको हप्ता हामीले बाइबल पढ्नु र त्यसमाथि मनन गर्नुको महत्त्वको बारेमा चर्चा गऱ्यौं। तपाईंले कण्ठ गर्नुभएको पद कुन थियो? तपाईंलाई एक दिनमा एउटा अध्याय पढ्ने र पाठको बारेमा केही प्रश्नहरू सोध्ने चुनौती पनि दिइएको थियो। तपाईंले कुन अध्यायहरू पढ्नुभएको छ? के तपाईं आफूले सिकेको, तपाईंलाई रोचक लागेको वा प्रश्नहरू भएको कुरा बताउन चाहनुहुन्छ? तपाईंको प्रार्थना जीवन कस्तो रह्यो? के तपाईं 'धर्मी मानिस' को विशेषता बताउन सक्नुहुन्छ?

**परिचयः**

आज हामी परीक्षाको विषयमा सिक्नेछौं, परीक्षा के हो, यसले ल्याउने खतरा र त्यसको विरोध कसरी गर्ने भन्ने बारेमा सिक्नेछौं। परीक्षा धेरै प्रकारले आउँछ, तर परीक्षाको सबैभन्दा खतरनाक कुराहरूमध्ये एउटा यो हो कि यो हाम्रो इच्छाबाट उत्पन्न हुन्छ। यो हामीले चाहेका कुनै कुरा भएकोले त्यसको विरोध गर्न हामीलाई गाह्रो पर्छ। यस विषयको बारेमा थप जान्नका लागि, बाइबलमा याकूब 1:12-15 खण्ड खोलौं।

## Conversation Questions:

**कुराकानीका लागि प्रश्नहरू:**

- *तपाईं परीक्षा के हो भनी सोच्नुहुन्छ?*

- *तपाईं दृढताको बारेमा के जान्नुहुन्छ?*

- *पाप भनेको के हो?*

- *हामी कहिलेकहीं किन त्यो कार्य गर्न चाहन्छौं जुन गलत हो भनी हामीलाई थाहा हुन्छ?*

- *त्यो समयको बारेमा सम्झने कोसिस गर्नुहोस्,जुन बेला तपाईंलाई परीक्षा आएको थियो। के तपाईंले त्यसको विरोध गर्न सक्नुभयो? के तपाईंलाई थाहा छ किन सक्नुभयो वा किन सक्नुभएन?*

- *के तपाईं हाल परीक्षाको सामना गर्दैहुनुहुन्छ?*

- *इच्छा/परीक्षाको सन्दर्भमा तपाईं आफ्नो सबैभन्दा कमजोर क्षेत्र कुनलाई मान्नुहुन्छ?*

- *के तपाईंले कहिल्यै मानिसहरूले आफ्ना कठिनाइहरूका लागि परमेश्वरलाई दोष दिएका देख्नुभएको छ? तपाईंलाई तिनीहरूले किन त्यस्तो व्यवहार गरे जस्तो लाग्छ? के तपाईंलाई तिनीहरू सही थिए भन्ने लाग्छ?।*

**छलफल प्रश्नहरू:**

**यहाँ उल्लेख गरिएको मानिसलाई किन धन्य मानिएको छ? हामीलाई कुन कुराको विरुद्ध "स्थिर रहने" आह्वान गरिएको छ? (पद 12)**

**[किनकि ऊ जाँचमा स्थिर भई बस्यो र जीवनको मुकुट पायो।**

[हामीलाई आपत्-विपतमाको विरुद्ध दृढ रहन वा डटेर बस्न आह्वान गरिएको छ। 'आपत्-विपतहरू' को अर्थ विभिन्न कुराहरू हुन सक्छन्, तर यसपछिका सन्दर्भ र पदहरूलाई विचार गर्दा यसले विशेष गरी परीक्षाका जाँचलाई संकेत गरेको हो भनी बुझ्न सकिन्छ। यो जाँच/परीक्षालाई सरल भाषामा यसरी वर्णन गर्न सकिन्छः "हामीले चाहेका कुनै कुरा,जसले पापतिर डोऱ्याउँछ।"]

**जीवनको मुकुट कसलाई दिइनेछ? (पद 12)**

*[जाँचमा स्थिर रहनेहरू (वा दृढ रहनेहरू, वा डटेर बस्नेहरू), र प्रभुलाई प्रेम गर्नेहरू]*

**परीक्षामा पर्दा हामीले के *भन्नुहुँदैन?* किन भन्नु हुँदैन? (पद 13)**

[हामीले "प्रभुले हामीलाई परीक्षा लिइरहनुभएको छ" भन्नुहुँदैन।

*[किनकि उहाँ पूर्ण रूपमा भलो हुनुहुन्छ – कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, न त उहाँले आफ्ना छोराछोरीको परीक्षा गर्न खराब कुरा प्रयोग गर्नुहुन्छ। यो उहाँको स्वभावको विपरीत हुनेछ।]*

**हरेक व्यक्ति कुन कुराद्वारा परीक्षामा पर्छन्? यस्तो कहिले हुन्छ? (पद 14)**

*[सबै जना आफ्नै इच्छाहरूद्वारा परीक्षामा पर्दछ, विशेष गरी खराब इच्छाहरू, वा अनियन्त्रित चाहनाहरूद्वारा (इच्छाहरू गर्नु आफैमा पाप होइनन्)।*

*[यस्तो त्यस बेला हुन्छ जब तपाईं आफूले चाहेको कुराबाट मात्र आकर्षित हुनुहुन्न, तर ती इच्छाहरूको पछि लाग्न "लोभिनु" (दृढ् संकल्पित) पनि हुनुहुन्छ। केही बाइबल अनुवादहरूले "लोभिनु" भन्छन्। यसको एउटा सम्भावित उदाहरण माछा मार्ने तरिकामा पाउन सकिन्छ। चारो देख्नु माछाको लागि खतरनाक वा नराम्रो होइन - तर यदि माछाले खतरालाई बेवास्ता गर्दै चारोको पछि लाग्छ भने त्यसले पीडा र सम्भवतः मृत्यु ल्याउँछ।]*

**इच्छा' कसरी उत्पन्न हुन्छ? यी इच्छाहरूको पछि लाग्दा त्यसले हामीलाई कहाँ पुऱ्याउँछ? (पद 15)**



*["लोभिएर प्रलोभनमा परेपछि", इच्छाले हामीलाई पापतिर डोऱ्याउँछ, र त्यो पापले मृत्यु ल्याउँछ। पहिलो, यो केवल कुनै थोकप्रतिको चाहना हुन्छ, चाहे त्यो खराब होस् वा अत्यधिक वा गलत परिस्थिति हुन सक्छ। तर जब तपाईं ती इच्छाहरूमा ध्यान दिनुहुन्छ, आफ्नो मन र विचारहरूमा तिनलाई ठाउँ दिनुहुन्छ, जब तपाईं ती इच्छाहरू मनमा सम्हालेर राख्नुहुन्छ र ती पूरा पार्न खोज्नुहुन्छ, तब यो विचारहरूभन्दा बाहिर जान्छ र कार्यमा परिणत हुन्छ।*

*[परीक्षा आफै र आफैमा पाप होइन, तर यदि हामीले यसमा धेरै ध्यान दियौं भने, हामी पाप गर्नीतिर बढने धेरै सम्भावना हुन्छ।*

*[कल्पना गर्नुहोस्, तपाईं एउटा सानो पसलमा हुनुहुन्छ। त्यहाँ तपाईंलाई साँच्चै मन पर्ने कुरा देख्नुहुन्छ* [पर्खनुहोस्,चेलालाई उसले मन पराउने कुनै कुरा भन्न दिनुहोस्], *र तपाईं सोच्नुहुन्छ "अहो, काश मसँग त्यो चिज भए त" - तर तपाईंसँग पैसा छैन। तपाईं त्यो चिज सम्झिरहनुहुन्छ, हेरिरहनुहुन्छ, यो पाउन सके कस्तो हुन्थ्यो भनी सोचिरहनुहुन्छ। तपाईं यताउता हेर्नुहुन्छ र पसलको त्यो भागमा कसैल पनि ध्यान नदिएको देख्नुहुन्छ र तपाईं त्यो चिज आफ्नो खल्तीमा राख्न सक्नुहुन्छ। अन्त्यमा तपाईं अब त्यो इच्छाको अझै विरोध गर्न सक्नुहुन्न। तपाईं त्यो आफ्नो खल्तीमा राख्नुहुन्छ र पैसा नतिरी पसलबाट निस्किनुहुन्छ।*

*[यदि तपाईंले त्यो देखेर, त्यो पाउने इच्छा गरेपछि आफूलाई रोक्नुभएको भए, त्यो समस्या हुने थिएन। कसैले देखिरहेको छैन भनेर याद गर्नु पनि आफैमा गलत थिएन, यदि त्यो एक कदम अगाडि थियो भने पनि एउटा डरलाग्दो परीक्षा थियो। तापनि, तपाईंले*

*बारम्बार त्यसको बारेमा सोचिरहनुभयो, हेरिरहनु र ध्यान दिइरहनुभएकोले ती विचारहरू र हेराइलाई कार्यमा परिणत गर्नुभयो, र त्यो पाप बन्यो।]*

यो धेरै सरल जस्तो लाग्छ, हैन त? तर परीक्षा *के* हो? के तपाईंले चाहनुभएको कुनै कुरा हो? हो, तर के अरू केही कुरा पनि छ? यस प्रश्नको उत्तर दिनु कठिन हुन सक्छ, किनकि यो व्यक्तिमा भर पर्छ, परीक्षाले आफैलाई धेरै प्रकारले प्रकट गर्दछ। परीक्षाहरू कस्तो देखिन सक्छन् भन्ने विषयमा अझ ठोस विचार प्राप्त गर्न हामी केही प्रकारका परीक्षाहरूको जाँच गरौं।

**गर्नुपर्ने कार्य**



[यस खेलका लागि, चेला बनाउने व्यक्तिले शब्दहरू बताउनुपर्छ र चेलालाई ती शब्दहरू के-के हुन् भनेर अनुमान गर्न लगाउनुपर्छ। ती शब्दहरूले सम्भावित प्रकारका परीक्षाहरूलाई प्रतिनिधित्व गर्नेछन्, र तिनीहरूलाई त्यो शब्द (वा त्यो शब्दको पर्यायवाची शब्द) प्रयोग नगरी वर्णन गर्नुपर्छ। यसको लक्ष्य चेलालाई विवरणहरूद्वारा सही शब्द अनुमान गर्न लगाउनु हो। यो उदाहरण प्रयोग गर्न सकिन्छ (यो पाठसँग सम्बन्धित छैन): यदि शब्द "मोटरगाडी" हो भने - तपाईं "सवारी साधन" भन्न सक्नुहुन्न, वा "फियाट" जस्तो ब्रान्ड भन्न सक्नुहुन्न; यसको वर्णन यस प्रकार गर्न सकिन्छ- "यो त्यस्तो चिज हो जुन सड्कमा गुड्छ र यसका चार पाङ्ग्रा हुन्छन्।" यस खेलका लागि शब्दहरू हुन्:

*आनन्द / गर्व / सरसामानहरू (भौतिक सम्पत्ति) / चोरी / ताली]*

मूल रूपमा - परीक्षा तीन प्रकारका हुन्छन्: भौतिकवाद, सुख-भोगवाद र अहंकार।

भौतिकवाद भौतिक थोकहरूको चाहनासँग सम्बन्धित छ, जस्तै नयाँ मोटरगाडी; सुखवाद भनेको यौन आनन्द सहित विभिन्न प्रकारका आनन्दहरू प्राप्त गर्ने चाहना हो, अहंकार गर्व र प्रशंसा पाउने, वा अरूभन्दा राम्रो हुने हाम्रो इच्छासँग सम्बन्धित हुन्छ।

यीमध्ये धेरैजसो कुराहरू आफैमा खराब हुँदैनन्, तर सबै कुराका लागि सही समय हुन्छ। संयम साथै तपाईंले यी कुराहरू कसरी प्राप्त गर्ने कोसिस गर्नुहुन्छ भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ। राम्रो मोटरगाडी हुनु खराब होइन - मोटरगाडी किन्न पैसा चोर्नु खराब हो, वा सबैलाई तपाईं धनी हुनुहुन्छ भनेर देखाउनका लागि पाँच वटा मोटरगाडी राख्न खोज्नु, वा मोटरगाडीर तपाईंको जीवनको सबैभन्दा महत्त्वपूर्ण कुरा बन्छ कि भने त्यो खराब हो।

यो पाठ परीक्षा के हो भनी सिकाउनका लागि हो, तर परीक्षाको विरोध कसरी गर्नुपर्छ भन्नेबारे पनि हो। त्यसो गर्ने मुख्य बाइबल पद 12 मा छ, र यो केही सरल छ (तर पालना गर्नु धेरै गाह्रो छ): हामीले स्थिर रहेर सहनुपर्छ। हामी प्रार्थना गर्न सक्छौं र परमेश्वरसँग सहायतात माग्न सक्छौं (र उहाँले हामीलाई सहायता गर्नुहुनेछ!), तर आखिरमा, हामी पापमय कुरा गर्ने कि नगर्ने वा त्यसको पछि लाग्ने कि नलाग्ने भनी निर्णय हामी आफैले गर्नुपर्छ।



हामीलाई स्थिर रहन सहायता गर्नेबारे केही सुझावहरूः


पहिलो, परीक्षाबाट बच्न सावधान रहनुहोस्। यदि तपाईं परीक्षाको जोखिममा पर्ने अवस्थामा पर्नुहुनेछ भनी थाहा भयो भने त्यसबाट भाग्नुहोस्! यदि तपाईं मद्य पिउनबाट बच्न खोज्दैहुनुहुन्छ भने, मद्य पाउने ठाउँतिर नजानुहोस्, जस्तै बार, भट्टीपसल। हुन सके त्यस्ता ठाउँहरूको नजिक पनि नजानु बुद्धिमानी हुन्छ, किनकि हेर्दा पनि तपाईंलाई लोभ्याउन सक्छ।

दोस्रो, जीन परीक्षा आउँछ त्यसलाई धेरै समय नदिनुहोस् वा त्यसबारे धेरै विचार नगर्नुहोस्। परीक्षाहरू आउँछन्। इच्छाहरू उत्पन्न हुन्छन्, कहिलेकहीं तीव्र र अचानक रूपमा उत्पन्न हुन्छन्। तर हामी तिनीहरूको बारेमा सोच्न धेरै समय बिताउने छौं कि छैनौं भनेर निर्णय गर्न सक्छौं। हामी त्यसको बारेमा सोच्न जति धेरै समय बिताउँछौं, त्यत्ति नै बढी हामीले त्यो परीक्षाअनुसार कार्य गर्ने सम्भावना हुन्छ।

तेस्रो, परीक्षा आउने ठाउँमा तपाईंको दिमागलाई अरू नै कुरामा व्यस्त राख्ने कोसिस गर्नुहोस्। यदि तपाई आफूले गर्न नहुने कुराको बारेमा धेरै सोच्दै हुनुहुन्छ भने, तपाईंको दिमागलाई व्यस्त राख्ने अरू केही खोज्नुहोस् र त्यो इच्छाबाट ध्यान हटाउनुहोस्। बाइबल पढ्नु र प्रार्थना गर्नु सधैं राम्रो विचार हो, तापनि यो तपाईंले मन पराउने शौकका कुराहरू पनि हुन सक्छ (चित्र कोर्ने, सिलाइबुनाइ, बगैंचाको काम, आदि)।

चौथो, तपाईंले भरोसा गर्नुभएको कुनै व्यक्ति खोज्नुहोस्, जसले तपाईंलाई जवाफदेही बनाउँछ, के भइरहेको छ भनी तपाईंलाई प्रश्नहरू गर्छ, र तपाईंसँग र तपाईंका लागि प्रार्थना गर्न सक्छ।

पाँचौं, स्थिर रहनुहोस्। विरोध गर्न नछाड्नुहोस्। कहिलेकहीं हामीलाई परीक्षा कहिल्यै हट्नेछैन, हामी सधैं यसबाट पीडित हुनेछौं र यसको विरुद्ध हामी सधैं लडिरहनुपर्छ जस्तो लाग्छ - तर त्यसैलाई कारण बनाएर हरेस खानु वा लड्न छोड्नु हुँदैन। प्रभुले हामीलाई छुटकारा नदिउञ्जेल सहनु र स्थिर भई बस्नुपर्छ। दृढता अरू कुनै कुराका लागि पनि जरूरी छ: किनकि जब हामी असफल हुन्छौं। नयाँ बानीहरू बसाल्न समय लाग्छ, र गाह्रो पर्छ। हामी झट्टै निको हुन चाहन्छौं, तर धेरै पटक चंगाइ पाउन केही समय लाग्दछ। हामी सधैं आशा गर्छौं, कि हामी सजिलै परीक्षाको विरोध गर्न सक्छौं, तर वास्तविकता के हो भने, हामी कहिलेकाहीं असफल पनि हुन्छौं।



दृढता एउटा महत्त्वपूर्ण गुण हो, जसले तपाईंलाई असफल हुँदा पनि अगि बढिरहन सहायता गर्नेछ। जब हार मान्न सजिलो हुन्छ त्यस बेला दृढताले तपाईंलाई बारम्बार खडा हुन सहायता गर्नेछ। तर प्रभुसँग हाम्रा गल्तीहरू ढाकछोप गर्ने अनुग्रह छ! प्रभुले हामीलाई क्षमा गर्न अस्वीकार गरून् भनेर हामीले गर्न सक्ने केही कुरा छैन।

*[1 कोरिन्थी 10:13 चेलासँग मिलेर पढ्नुहोस्, र यदि आवश्यक परे वा समय छ भने प्रभुको विश्वासयोग्यता र कठिनाइ र परीक्षाको समयमा उहाँले हामीलाई कसरी सहायता गर्न सक्नुहुन्छ भन्ने विषयमा छलफल गर्नुहोस्]*

**मुख्य पद**: *"त्यो मानिस धन्य हो, जो आपत्-विपतमा स्थिर रहन्छ।"* - याकूब 1:12क

**यस हप्ता:**

- अहिले तपाईंका सबैभन्दा जोरदार परीक्षाहरूको सूची बनाउनुहोस्, र तिनमा पर्नबाट कसरी बच्ने भनेर योजना बनाउन थाल्नुहोस्। याद गर्नुहोस्, यसमा ठूलो परिवर्तन गरिएको, वा अचानक हुने कुनै कुरा हुनुपर्दैन! यदि तपाईंले त्यसो गर्न सक्नुभयो भने, राम्रो हुनेछ, तर यदि तपाईं त्यसो गर्न सक्नुहुन्न भने ठीकै छ। यो यात्रामा एक पटकमा एक कदम चाल्नु ठीक छ (र सामान्य, बराबरी रूपमा)। प्रभुसँग हामीलाई सहायता गर्न आवश्यक सबै धैर्य छ, र उहाँ आफै हाम्रो साथमा हिंड्नुहुन्छ।

- साथै, पदहरूमा अध्ययन गर्नुहोस् र तपाईंले ती राम्रोसँग कण्ठ गर्नुभएको छ भनी निश्चित गर्नुहोस्। अनि भजन 1 अध्याय कण्ठ गर्नुपर्ने चुनौतीलाई नबिर्सनुहोस्!

- बाइबलको एक अध्याय पढ्न र हरेक दिन प्रार्थना गर्न जारी राख्नुहोस्।

[स्तुति-गान (अर्को पृष्ठमा छ)गाएर प्रार्थना गरेपछि सेवा समाप्त गर्नुहोस्]

गाउने समय र कारण - "स्तुति-गान"(डक्सोलोजी)

ख्रीष्टियनहरूका लागि सुरुदेखि नै संगीतको समृद्ध परम्परा छ। परमेश्वरका मानिसहरू गाउँछन्! यसैकारण हामीसँग बाइबलमा भजनसंग्रहको पुस्तक छ, जुन स्तुति-गीत र कविताहरूको संग्रह हो। ती सबैले हाम्रो ध्यान पवित्र-शास्त्रको अनन्त सत्यहरूमा हाम्रो विश्वासलाई केन्द्रित गर्न प्रोत्साहन दिन्छन्। तिनले संसारभरका परमेश्वरका मानिसहरूलाई एकतामा ल्याउँछन्, किनकि स्तुति-गान र अरू धेरै वटा भजनहरू संसारका लगभग सबै भाषाहरूमा अनुवाद गरिएका छन्। स्तुति-भजनहरूलाई चर्चको आराधना र संगतिमा एक आवश्यक कुरा मानिन्छ।

स्तुति-गान सब समयको सबैभन्दा व्यापक रूपमा जानिएका भजनहरू मध्ये एक हो। सन् 1674 मा थोमस केन- द्वारा लेखिएको, यो प्रायः आराधना गर्ने आह्वानको रूपमा गाइन्छ र यो लगभग सबै सम्प्रदायहरूमा गाइने गरिन्छ। कसै-कसैले यसलाई प्रार्थनाको रूपमा प्रयोग गर्छन्।

*परमेश्वरको स्तुति होस्, जसबाट सबै आशिषहरू बग्छन्,*

*पृथ्वीका सबै प्राणीहरूले उहाँको स्तुति गरून्,*

*स्वर्गदूतहरूको सेना, उहाँको स्तुति गरून्, पिता, पुत्र र पवित्र आत्माको स्तुति होस्।*

*आमेन।*